ना

नारी समाज
नारीहरूको समाज
सके आफ्ना आफ्ना विचा
को मात्र अधिकार कि
"सन्तान बनाउने
गा ा हुई पाँवा
र विकास हुन
देख्दा विकासो
कुरालाई ठमाउन नसकी
गरेको सङ्घर्ष र अनुसन्धानले यस

विज्ञानको क्षेत्र
आविष्कार गरिन । जस
यसप्रकारको कार्य गरे
लाई सामाजिक

---

लंका केर्द। घतलाग्दा भनाईहरू

...हो य को आशामा बसेर उनीहरू नाश हुन्छन् । ...ले उन्नति गर्छन ।

( ... )

...आफ्नो विचार भएका ठूला मानिसहरूबाट ... ...रूबाट नै बढ्छ ।

( रामतीर्थ )

... आफ्नो समय नष्ट नगर, ...

( कार्ल मार्क्स )

...ताको आधार लिन खोज्ने स्वभाविक प्रवृति ... आत्मविश्वासको कमीमाले उत्पन्न हुन्छ ।

( स्व० लक्ष्मी प्रसाद देवकोटा

...स्वार्थपूर्ति गर्छ, त्यो राजा होईन डाकू हो ।

( ...

...मानवीय सृष्टि हो ।

( गान्धी

...र न भए सम्म विश्वकल्याणको कुनै आशा छैन । ... मात्र ...इन एकदम असम्भव हुन्छ ।

( विवेकानन्द )



---

फर्कने नेपाली नागरिकका निम्ति टंक प्रसाद पोखरेल एवं ईश्वरी प्रसाद ...
प्रकाशित. कमला आर्ट प्रेस, मुनाराम साहू लेन, शिलाङ-२, मेघालय ...

---

# नेपाल फर्क

1972

Shillong College

Bhim Bdr Prasad

1972.

← एक सामूहिक सँगालो →

प्रकाशक एवं संकलक -
ईश्वरी प्रसाद खनाल
टङ्क प्रसाद प
शिलाङ

मूल्य : एक रुपिया

# नेपाल फर्क

(एक सामूहिक सँगालो)

प्रकाशक एवं संकलक :–
ईश्वरी प्रसाद खनाल
टङ्क प्रसाद पोखरेल
शिलाङ, मेघालय ।

मूल्य : एक रुपियाँ

Shillong College

## विषय सूचि

1972 Shillong


| | | पृष्ठ |
|---|---|---|
| १. जनवादी क्रान्तिमा शरीक नेपाली जनता | —टंक प्रसाद पोखरेल | १ |
| २. नयाँ गोरेटी | —भवानी पाण्डे | ५ |
| ३. नेपाल फर्क | —हरिहर भूसाल | ६ |
| ४. नेपाल भारत सम्बन्धमा एक मूल्यांकन | —ईश्वरी प्रसाद खनाल | ७ |
| ५. मायालाग्दा अनुहारहरू | —गोपी नारायण प्रधान | ९ |
| ६. मातृभूमिको पूकार | —मोतीलाल भण्डारी | १० |
| ७. स्वदेश सम्झना | —रण बहादुर थापा | १२ |
| ८. हनन अधिकारलाई नबीर्स | —पदम गिरि | १३ |
| ९, एकताको खाँचो | —रण बहादुर सापकोटा | १४ |
| १०. देश प्रेमी प्रति | —भुवानन्द पाण्डे | १५ |
| ११. पहाड़ी पाखामा रूग्ण जिन्दगीको एउटा गीत | —धर्मलाल भूसाल | १७ |
| १२. पीड़ित जनताप्रति एक आह्वान | —सन्तुराम सुनार | १८ |
| १३. पुकार सुनीदेऊ | —तुलसी सापकोटा | २० |
| १४. शत्रुलाई चीन ! | —नीमराम पराजुली | २१ |
| १५. प्रतीज्ञा | —गिरि बहादूर साऊ | २२ |
| १६. संघर्षको बाटो | —भीमराज पोखरेल | २३ |
| १७. एक गीत | —नर बहादुर क्षत्री | २५ |
| १८. नयाँ समाजको आवश्यकता | —ब्रम बहादुर घर्ती क्षत्री | २६ |
| १९. भाग्य निर्माता | —दिल साहनी | २८ |
| २०. चेतना खुलेपछि | —दुर्गा प्रसाद शर्मा | २९ |
| २१. जन साहित्य र साहित्यकार | —टंक प्रसाद पोखरेल | ३१ |
| २२. ए नारी जाति ! | —सरस्वती पाण्डे | ३४ |
| २३. भविश्य निर्माण | —गुमान सिंह पाण्डे | ३५ |
| २४. नारी समाज | —ईश्वरी प्रसाद खनाल | ३६ |

# पुस्तक सम्बन्धी केही कुरा

नेपालको निरंकुश तानाशाहीको अधिनमा कुनै विकासशील कार्य हुन नसक्दा प्रवासमा बस्ने नेपालीहरूको अवस्था र नेपालका नेपालीहरूको अवस्था झनपछि झन अन्धकारमय देखिएकोले त्यता तर्फ विचार गर्नु प्रत्येक नेपालीहरूको परम कर्त्तव्य हो। यो ज्यादै दुःखको कुरा हो कि आजको बीसौं शताब्दिमा पनि हामीहरूले आफूलाई चिन्न सकेका छैनौं । हामी कोहौं भन्ने प्रश्नले हाम्रा सर्वसाधारण दाजुभाइहरूमा खुल्दुली पार्नु स्वभाविकै हो । अझ झन दुःखको कुरा के छ भने यहाँका हाम्रा नेता भनाउँदा भरौटेहरू खाली आफ्नो गोजी भर्ने र भुँडी फुल्याउने कार्यमै व्यस्त छन् । आज सम्म उनीहरूले नेपाली हौं अथवा भारतीय नेपाली हौं भन्ने कुनै कार्य रूपबाट देखाउन सकेका छैनन् । अरूका सामने भन्छन् . "हामी यहींका नागरिक हौं र हामीहरू यहीं नै सबकुछ गर्नु पर्छ" तर आफूले भने नेपालमा गइ जग्गा जमिन किनिसकेका छन् । "मुखमा राम-राम बगलमा छुरा" भनेझैं हाम्रा गाईसिगें नेताहरू यस्तै छन् । एकातिर हामी भारतीय नागरिक भन्दै ढोल पिटी सर्वसाधारण जनताहरूलाई गुमराह पारेका छन् । आफूभने मौका परिआउँदा संघर्ष गर्नुको साटो भाग्ने ठाउँ नेपालमा बनाइसकेका छन् । र त्यसले हाम्रा सर्वसाधारण सोझा-साझा दाजुभाइहरू कुनै बाटो नपाई अन्धकारमा आफूलाई हराईरहेका छन् । अब हामीहरूले आफूलाई राम्रो सँग चिन्नु परेको छ । हामी भारतीय नेपाली हौं वा नेपाली भनेर । यदि हामीहरू नेपाली हौं भने हाम्रो देश नेपाल हो । त्यहाँ पनि प्रशस्त जग्गा जमीन छ । जसमा आजसम्म विदेशी विस्तार-वादी र स्वदेशी सामन्तहरूको बोलबाला छ । यसर्थ त्यहाँनै गएर आफ्नो अधिकारको खोज गर्नु पर्छ । अधिकारको लागि छट्पटाएका जनताहरूलाई साथदिनु पर्दछ । जसले गर्दा हाम्रो भविष्यको जीवन उज्वल भएर जानेछ । यदि हामी भारतीय नेपाली हौं भने दार्जीलिङ का नेपालीहरूले जस्तै कार्यमा पनि यहीं लाग्नु पर्छ । यहींनै अधिकारको खोजगर्नु पर्छ । यहाँका अरू जातिहरूले सरह हामीले पनि सुविधा पाउनु पर्छ । यसरी हामी यता न उताको (नेपाली न भारतीय नेपाली) भएर बस्ने हो भने हाम्रो भविष्य निराकारमा पर्ने छ। अब हामी यहाँबस्ने भारतीय नेपालीहरूले त्यस्तो नेता ठम्याउनु पर्छ जसको यहीं मात्र आस्था होस् । आफूलाई मुखले मात्र नभै कामले पनि भारतीय नेपाली बनाउन सकोस यहाँ कुनै प्रकारको दुःख नपर्दा सम्म र गोजामा ठूलो रकम नपर्दा सम्म भारतीय नेपाली बन्ने र कुनै संकट आइपर्दा सुइँकुच्चाठोक्नेहरूलाई नेता बनाउने भने हाम्रो भविष्य बर्बाद छ ।

यसर्थ हामीहरूले आफूलाई ठहर्याई सोही मुताबिक काम गर्नु पर्छ भन्ने कुरालाई ध्यानमा राखी यो पुस्तक प्रकाशित गरेका छौं । हुनत यस पुस्तकले मौकावादी नेताहरूलाई आफ्नो मुकुण्डो खुलेकोमा अवश्य छाँगाबाट खसेझैं हुने छ तापनि अलमलमा परेका नेपालीहरूलाई र भारतीय नेपालीहरूलाई यसबाट अवश्य पनि फाइदा हुने छ भन्ने पूर्ण आशा गर्दछौं ।

नेपाल जानु पर्छ र नेपाल जाऔं नै भन्ने विषयवस्तुलाई लिएर लेखिएका धेरै रचनाहरू यसमा समावेश हुन आउँदा पुस्तकको नाम पनि 'नेपाल फर्क' भन्ने राखिएको छ । तर नेपाल फर्क भन्नाले ती नेपालीहरूलाई मात्र संकेत गरिएको हो जो नेपालीहरू नेपालका नागरिक हुन्, नेपालप्रति आस्था छ । जसले आफ्नो मातृभूमि नेपाल मान्दछन् । भारतीय नेपाली नागरिकलाई भनीएको हैन । यसर्थ यस पुस्तकको मुख्य भन्नु त्योहो कि हामीले आफूलाई भारतीय नेपाली नागरिक या नेपाली नागरिकको रूपमा चिन्नु, चिनाउनु र त्यस अनुसार कार्यमा लाग्नु पर्छ ।

नेपालमा बाँच्ने केही सीप नलागेर पाखालागेका नेपाली जनताहरू साच्चैनै विष-लागेका माछाझैं र गोली लागेका बाघ झैं एकातिरभएका छन् भने कोही कताञ्जेल स्वदेश फर्कदा शोषकहरूको पञ्जाबाट बच्न नसकी पुनः विदेश तिर फाल हाल्छन् । गास, बास र थात नै मानिसको नभई नहुने बस्तु भइदियो । नेपालीहरूले कति कोशिस गरे सबै कुरा बिर्सन । भुल्न । नजान्न । तर पनि उनीहरूको टाउकोमा जान्नै लेखेको भएर होला आज हाम्रो थात कुन हो ? बास हामीले कहाँ बनाउने ? गास हामीले कहाँ पाउनु पर्छ ? भन्ने प्रश्न निकाल्न बाध्य भए । नेपालको त कुरै छाड़ौं, हामी टाकेटुहुरा र सबैका भीखमङ्गा भएकै छौं तर आज भोलि भारत तिर पस्दा पनि हामी नेपाली जस्तै एक-गास जुठो-पुरा कलोको आशराखी ढोका कुर्नेको संख्या बढ्यो । यहाँका मालिक भएकाले पनि घरै जन्मेको कुकुरलाई जस्तै गरी कलो उफारेर मुखपारी दिदा उसलाई दिनआँटेको कलो हामीले पनि आफ्नो मुखपार्ने व्यर्थ प्रयासमा उफ्रिन्छौं, भौंतारिन्छौं तर मुखलाग्नु पेटपर्नु केही छैन ।


यस सँगालोमा धेरै साथीभाईहरूको प्रथम प्रयास भएकोले लेखको शैली, व्यक्त गराइको छन्द, शुद्धाशुद्ध र स्तर आदिमा हाम्रो यो पुस्तक परिपक्वहरूको दाँजोमा पछि पर्दैन भनी हामी दावा गर्न चाहान्नौं । यसभित्रको भाव र अर्थलाईनै प्रधानता दिनु भएमा हामी हार्दिक आभारी रहने छौं ।

नेपाल फर्क भन्ने मुख्य विषय भएकोले यसै सम्बन्धमा धेरै साथीहरुले आफ्ना कुराकानी पोख्नु भएको छ । नेपालमा जनतान्त्रिक व्यवस्था स्थापना गरी नेपालका

बहुसंख्यक गरीब समुदायमा एकता स्थापित गर्दै नयाँ र विकसित नेपालको निर्माण गर्ने हाम्रा धेरै रचनाकार-हरूको रचना बाट एकमत दर्शिएको छ। नेपाल भारत बिच मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्नमा यस पुस्तकले सक्दो जोड़ दिएको हो। तर कतिपय भारतका विस्तारवादी पूँजीपतिवर्गको नेपाल र नेपाली जनताप्रतिको नसुहाउँदो अवहेलित दृष्टिकोणले गर्दा भारतीय वैदेशिक नीतिलाई लिएर यस पुस्तकमा आलोचनात्मक मूल्यांकन पनि भएको छ। नेपालका जनताले भारत र चीन दुवै छिमेकी राष्ट्रका जनता-संग पारस्परिक गहीरो सद्भावनापूर्ण मित्रतालाई अरु बलियो बनाउन तत्पर रहँदै जोड़ दिएका छन्। अब हामी पुस्तक सम्बन्धमा धेरै नभनी पाठकवर्ग बाट नै सही मूल्यांकनको आशा राख्दछौं।

यस सँगालोमा धेरै-धेरै साथीहरूका रचना राख्ने प्रयास गर्दागर्दै पनि कँयौं रचनाहरु ज्यादै ढीलो प्राप्त हुँदा समावेश गर्न पाएनौं। जसको निम्ति हामी दुःख प्रकट गर्दै यस्तै अर्को प्रकाशनको आयोजनमा प्रकाशित गर्ने वचन दिन्छौं।

संकलक एवं प्रकाशक



पूर्वाञ्चल विद्यार्थी संघ
शिलाङ्ग
मित्र राजु पोखरेल
मेघालय आसाम भारत

# जनवादी क्रान्तिमा शरीक नेपाली जनता

• टङ्क प्रसाद पोखरेल
शिलाङ

हाम्रो देश नेपाल एशियाका दुइ ठूला-ठूला राष्ट्र चीन र भारतको बिचमा रहेको विश्व प्रसिद्ध पर्वतमाला, वन जङ्गल, तराइ, फाँट, तलाब, खोला, नाला र नदीहरूले परिपूर्ण प्राकृतिक मनोहर दृश्यहरूको साथै अन्न, फलफूल, औषधी र खनीज पदार्थहरूले भरिपूर्ण देश हो। नेपाली जातिको इतिहास क्रान्तिकारी जातिको इतिहास हो र नेपाली जनताले समय-समयमा आफ्नो देशभक्तिको महान आदर्शलाई अँगालेर बहादुरी र विरता देखाई विश्वमा आफ्नो गौरवमय अस्तित्वको इतिहास निर्माण गरेका छन्। लगनशीलता, इमानदारिता र अनुशासन नेपाली जनताको ऐतिहासिक जातिय उपलब्धि हो र सरलता, निडरता र देशप्रेम नेपाली जातिका अभिन्न गुणहरू हुन्। सयौं वर्षसम्म सामन्ती व्यवस्थाले जरा गाड़ी महान नेपाली जनतालाई अँध्यारो कोठामा थुनी विश्वमा निरन्तर बढ़ीरहेको वैज्ञानिक उपलब्धि र आर्थिक, राजनीतिक, सांस्कृतिक, साहित्यिक तथा अन्य उपलब्धिहरूबाट वंचित गरी मानवविकासको बाटोबाट अलग्याउने चेष्टा गर्‍यो। जसको फलस्वरूप नेपाली जातिले विश्वका प्रगतिशील राष्ट्रहरूको दाँजोमा पुग्नको सट्टा आजसम्म पनि सामन्ती व्यवस्था भित्र जकड़िरहनु परेको छ। परन्तु प्रथम विश्वयुद्ध पश्चात विश्वमा फैलिएको क्रान्तिकारी राजनीतिक लहरले चीन, भारत दुइ छिमेकी राष्ट्रमा र नेपालमा पनि केही राजनीतिक जागरण ल्यायो। २००७ सालमा नेपाली जनता राणाहरूको हातबाट सत्ताहत्याई जनगणतन्त्र ल्याउने उत्कट आकांक्षाले प्रेरित भई सशस्त्र सङ्घर्षमा उत्रे। केवल देशभक्त युवक विद्यार्थीहरूले आफ्नो मातृभूमिको निर्माण जनकल्याणको भावना लिइ आफ्ना प्राणको बलिदान गरे। देशका अधिकांश जनसमुदाय किसान-हरूको बिच पुग्न नसकेको र राम्ररी जरागाड़न नसकेको उक्त क्रान्तिले नेपालका गरीब किसान र पछौटे जातिको स्वार्थ लिएर सङ्घर्षलाई टुङ्गो सम्म पुर्‍याउन सकेन। क्रान्ति असफल भयो र अपूर्णमै तुहिलियो। बुद्धिमतापूर्ण नेतृत्वको अभाव, आरुजनसमु

राजनीतिक चेतनाको कमि एकापट्टि भयो भने अर्कोपट्टि सामन्ती दबदबाले च्यापिएका नेपाली किसान तथा मजदूरहरूमा राजनीतिक चेतनाको अभावदेखेका सामन्ती तथा पूँजीपतिका छोराछोरीहरू र नाता सम्बन्धीहरूलेनं यस क्रान्तिबाट आफ्नो फाइदा उठाउने कुबिचार लिए । टाठाबाठा ठहरीएका यीनै घरानीया राणाहरू र सामन्ती–हरूका छोरालेनं क्रान्तिको नेतृत्व दिने भई अघिसरेकाले आफूलाई मन्त्रीपद हातलाग्ने भएपछि जनक्रान्तिमा धोका दिए । नेपाली क्रान्ति अपूर्णतामैं रोकियो । इनै जनद्रोहीहरूले आज आफूलाई मन्त्रीपदमा एकफेर पुगेको धाकमा ऐलेको चेतनशील नेपाली समाजमा पनि आफूलाई नेपालका नेता सम्झिन्छन् र बनाउने निरर्थक प्रयास गर्दछन् । जबकि सामन्ती प्रणाली भित्रैं त इनीहरूको नेतृत्वले हारखानु पर्‌यो ।

यसरी आज ००७ सालमा आफ्नो स्वतन्त्रता सङ्घर्षमा असफल भएका नेपाली जनतालैं ज्यादै नराम्रो आर्थिक तथा राजनीतिक परिस्थितिबाट गुज्रिनु परेको छ । जसको फलस्वरूप नेपालमा दैनन्दिन सामन्तीव्यवस्था र विदेशी विस्तारवादको बिरोधमा जनताहरू एकजुट हुन थाले । विभिन्न सङ्घर्ष, अपठ्यारा परिस्थिति र आर्थिक उत्पीडनले थिचिएका नेपाली जनताले स्वाधिनता आर्थिक समानता र प्रगतिको महत्वपूर्ण भूमिका निभाउन आफ्नो क्रान्तिकारी सही बाटो लाई अपनाएर आफ्नो राष्ट्र निर्माण गर्ने अठोट लिए । किसान, विद्यार्थी, मजदूर, बुद्धिजीवीहरूको ठूलो संख्या क्रान्तिकारी संघर्षमा दैनन्दिन उत्रेको छ र पूर्वदेखि पश्चिमसम्मका सबै जिल्लाहरूमा विभिन्न क्रान्तिकारी शक्तिहरूले सामन्ती तानाशाहीको विरोधमा प्रहार गर्दै आएका छन । देशका किसान–मजदूर र विद्यार्थीहरूले राष्ट्रिय–मुक्तिको लागि चलाएको यस क्रान्तिकारी संघर्षमा विभिन्न जिल्लाका किसान–मजदूर हरू आन्दोलनकार्यमा शरीक भएकाछन् र नेपालको विशाल जनसमुदायमा राम्ररी जरागाड़िसकेको छ । प्रत्येक जिल्लामा आज छिटफूट क्रान्तिले ठाँउ लिइसकेको छ र क्रान्तिको ज्वाला दैनन्दिन एक जिल्लादेखि अर्को जिल्लामा दन्किईराखेको छ । नेपाली जनताले भारतीय विस्तारवादी नीति र नेपालको तानाशाही सामन्ती व्यवस्थाको कसरी जोड़तोड़ले भण्डाफोड़ गर्दै आएकाछन् र दैनन्दिन सशस्त्र संघर्षमा अघि–बढ्दैछन् भन्नेकुराका ज्वलन्त प्रमाणहरू हामीले प्रसस्त थाहपाएकाछौं । लुम्बिनी हत्याकाण्ड, परासी हत्याकाण्ड, कोसी गण्डक र सुस्ता सम्बन्धि असमान सन्धिहरुको बिरोध, प्यूठान, दाङ र रिड़ीकाण्ड लगाएत अन्य कैयौं छात्र आन्दोलनहरू भए बाट नै परिचित भएकाछौं । जुन आन्दोलनहरू दमन गर्नका लागी तानाशाही सरकारले एकातिर हजारौं सोझासाझा गरीब किसान जनतालाई र अर्कोतिर देशभक्त नेता विद्यार्थीहरूलाई गोलीको शिकार बनाए बाटै स्पष्ट हुन्छ । यसको अतिरिक्त हजारौं किसान, मजदूर, देशभक्त विद्यार्थी, वुद्धिजीवी नेताहरूले जेल नेल भोग्नु परेको छ ।



नेपाली जनताले चलाएको यो अर्द्ध औपनिवेशिक एवं अर्द्ध सामन्तीव्यवस्था विरोधी क्रान्तिले दैनन्दिन सफलता र प्रगति हासील गर्नेछ र दैनन्दिन अझ बढ़ी मात्रामा किसान, मजदूर र बुद्धिजीवीहरूले आफ्नो देशनिर्माणको लागी यस महान कदममा हतियार उठाउने छन् । आफ्ना देशका लाखौं जनताले अघिबढ़ाएको यस क्रान्तिमा बिदेशमा बसिरहेका नेपालीहरूले कदरगर्ने, समर्थन दिने र मद्दत पुर्‌याउने छन् । भारतका सम्पूर्ण गरीब जनताले हाम्रो यस क्रान्तिमा समर्थन र साथदिएर आफ्ना छिमेकी जनताको महान लक्षलाई बढ़ीमात्रामा सफलता प्राप्त गर्न सहयोग पुर्‌याउने छन् ।

नेपाली जनताले विश्वका विभिन्न ठूलासाना क्रान्तिको अनुभवबाट सफलता हासिल गर्ने प्रेरणा लिने छन् । राष्ट्रियमुक्तिका लागी क्रान्ति चलाएका विश्वका करोड़ौं जनताले नेपाली जनताको यस क्रान्तिमा साथ दिनेछन् र विश्व साम्राज्यवादी उपनिवेशवादी नीतिको बिरुद्ध संयुक्त भएका अरबौं जनता नेपाली जनताको साथमा रहने छन् ।

नेपाली जनताको क्रान्ति साम्राज्यवाद, उपनिवेशवाद र भारतीय विस्तारवादी नीतिको पूण विपरीत देशीय सामन्तवादी हितको पूर्णतया प्रतिकूल रहनेछ र अमरीकी साम्राज्यवादको विरोधमा विश्वका जनतालें चलाएको सक्रिय विरोधमा साथ दिनेछ । राष्ट्रिय मुक्ति सङ्घर्षमा अघिबढ़ेका विश्वका जनतालाई हाम्रो क्रान्तिले अन्तर्राष्ट्रिय मित्रता र भाइचाराको आधारमा जनताका बैरीहरूलाई ध्वंस गर्ने कार्यमा पारस्परिक सहयोग र मित्रता कायम राख्ने छ । विश्वका शान्ति, स्वतन्त्रता र प्रगति प्राप्त गर्न लड़िरहेका जनतालाई मद्दत पुर्‌याउने र विश्वका शान्तिप्रिय जनतासाथ मित्रता कायम गरी विश्वशान्ति स्थापना गर्न सक्दो योगदान पुर्‌याउने छ ।

विश्वका जनतामाथि दासत्वकायम गर्ने र युगको प्रवाहलाई रोक्न चाहने सामन्ती पूँजीवादी र साम्राज्यवादी युद्धखोरहरूको नग्न, निर्लज्ज र कपटपूर्ण व्यवहार व्यभिचारलाई सधैंकालागी अन्य विश्वका समाजवादी राष्ट्रहरूले चलाएको आन्दोलनमा नेपाली जनता झन बढ़ी सक्रियताका साथ अघि बढ़नेछन् र नेपाली जनताले चलाएको राष्ट्रीय तथा अन्तंराष्ट्रिय यस क्रान्तिमा निकट भविष्यमानै सफलताको साथ महान विजय प्राप्त हुने छ ।

डेढ़ करोड़ नेपाली वीर जनताले राजनीतिक चेतनाको विकास गर्दै आफ्नो राष्ट्रिय एवं वर्गीय स्वार्थ अनुकूल चलाएको यस महान संघर्षमा एकदिन अवश्य विजय हासील गर्नेछन् । विदेशमा आएका हजारौं क्रान्तिकारी विद्यार्थी, बुद्धिजीवी र अन्य नेपालबाट काम काजको खोजमा आइरहेका र भारतमा केही बर्ष विताइरहेका

नेपाली जनताहरू साथै भारतको फौजमा रहेका लाखौं नेपालीहरू आफ्नो राष्ट्र निर्माण गर्ने महान विचार लिएर आफ्नो कार्यमा दैनन्दिन एकजूट हुने प्रयास गर्नेछन् एवं आफ्ना बाबुआमा, दाजू-भाई, दिदी-बैनी, छोराछोरीहरूलाई अटूट साथ दिनेछन् ।

हजारौं वर्षसम्म सामन्ती जाँतोमा पिसिई विदेशीको गुलाम बनेका नेपाली जनता, साम्राज्यवादी युद्धखोरहरूको हातमा परी वीरता र बहादुरीको दुरुपयोग गराएका नेपाली जनता, विभिन्न थरीको बेइज्जती सहेका र प्रतिष्ठा गुमाएका नेपाली जनता; आफ्ना अतीतका अनगिन्ति भूल र असफलताबाट ज्ञान लिई ठूलो सफलताको ओट गर्दछन् । आफ्नो राष्ट्रनिर्माण गरी विश्वमा पुनः आफ्नो प्रतिष्ठा र गौरव कायमगर्ने प्रण गर्दछन् ।

नेपालीहरूले आज आफ्ना पुराना असफलता र सफलताबाट ठूलो शिक्षा लिनपरेको, आजसम्म आफूले पाएका, बटुलेका अनुभवहरूलाई सही व्यवहार दिनुपरेका, देशभित्रको सामन्ति प्रणाली र विदेशी साम्राज्यवादीहरूले लादेको औपनिवेशिक नीतिले गर्दा दोहरो आहार बनेको राम्रोगरी चालपाउनु थियो र यो सबै कुराको राम्रो जानकारी नेपाली जनताका आज देखापरेको छ ।

गरीबी, अशिक्षा र बेकारीले पिड़ित नेपाली जनताको ठूलो संख्यालाई देशभित्रहोस वा देशबाहिर आर्थिक समस्याका कठीन यातनाले कहिल्यै नछाड़ेका "नेपाल गयो कपालसँगै बर्मा गयो कर्मसँग" भन्ने उखानलाई दोहराउन बाहेक अन्य कुनै उपाय सुझेन । सधैं दुःखका बथहरू रोएर, कराएर बिते र यद्यपि बित्दैछन् । नेपालको ९५ प्रतिशत गरीब जनताको आवाज सुन्ने कोही निस्केन । उनीहरूका लागि कसैले केही गरीदिएन । आज पनि ९० प्रतिशत गरीब जनताहरूलाई शिक्षाप्राप्त गर्ने कुनै स्थिति छैन । स्वास्थ्य सम्बन्धि सुधारमा नेपाली जनताको ठूला पिछौटे समुदायले भाग्य ओ भाग्य भर पर्नु परेको छ । कामको खोजमा लाखौंको संख्यामा भारत तर्फ धाइरिरहेका छन । भने नेपालको प्रगति निकै जोड़दाररूपले भएको छ भन्न विदेशमा र देशमा व्यवहारिक यथार्थता देखि टाढ़ारहेर अन्धो बनो बसेका सामन्तीहरूका टकड़खोरहरूले र तिना चटुकारहरूले जनताको क्रान्तिकारी प्रवाहलाई बिगार्ने कुचेष्टा गर्दैछन । किनकि देशको नियन्त्रित शिक्षाप्रणालीबाट थिनै भरौटे सामन्त र पूँजीपतिका छोराहरू शिक्षित बनेका छन् र उच्च ओहदामा पुगेकाछन् । नेपालमा भएको उन्नति बारे नेपालमा बसोबास गरेका नेपालीहरूले थाहनपाएको भी जनतामाथि धोकाबाजी गर्ने विदेशमा बसेका सिताचटुवाहरूले कसरी थाह पाउँछन् यो कुरा बड़ो हास्यास्पद लाग्दछ । परन्तु आजको नेपाली जनताहरूलाई पूर्णतया कर्तव्यमा बलियगरी आफ्नो स्वार्थसिद्धिमा लगाउनु त्यति सजिलो छैन भनी ... राम्ररी सम्झाईदिनु परेको छ ।



आजको चेतनशील नेपाली जनतालाई युगौंदेखि अपनाउँदै आएको शोषण प्रवृति कायम राखी उनीहरूको सोझाई, इमानदारी र श्रमबाट फाइदा उठाउन केही गाह्रो पर्नेवालेको छ भन्ने गया सामन्तीहरूको दीमागमा घुस्न नसक्ता राम्ररी घुसाइदिने प्रयत्न गर्दैछन् । नेपालमा दिन दुगुना रात चौगुना गरी भएको शोषण पक्षपात, अन्याय र स्वतंत्रताको हरण आदिको प्रगति नेपाली जनतालाई चाहिएको छैन र चाहिंने यसको अन्त्यगर्ने नेपालीले कसम खाएका छन् ।

अतः आफ्ना दाजुभाई, दिदीबैनी, बाबुआमा र छोराछोरीहरूले चलाएको देशभक्तिपूर्ण आन्दोलनमा आफ्नो देशमा फर्किने नेपालीहरूले पनि आफ्नो यस महान- कार्यमा हातमा हात र काँधमा काँध मिलाई, महान आदर्शको लड़ाई, देशभक्तिको लड़ाई, शोषण, अत्याचार र अन्यायको विरोधमा लड़ाई, स्वतन्त्रता र पराधिनता बिचको लड़ाई, इज्जत, मान र मर्यादाको लड़ाई, जीवन र मृत्युबिचको लड़ाई लड़ी देशका अधिकांश भोका नाङ्गाहरूको हित र स्वार्थलाई लिई राष्ट्र निर्माण गर्ने महान प्रगतिशील, क्रान्तिकारी लक्ष्यसाथ अघि बढ़नेछन् ।

---

# नयाँ गोरेटो

● भवानी पाण्डे
शिलाङ

हे ! देशका नव युवक हो ! तानाशाहीको पारौं नाश,
बढ़दै अगाड़ि गर्दै काम, लिउँ साहस बनाउँ बास ।
लट्ठी देखाउँदै त्रासमा पारौं, खून चुस्ने शोषकलाई,
पेट निचोड़दै टाउको फुटाउँदै, दिउँ तिनलाई होसको दवाई ।
पुस्तौं देखिको गरीबको खूनले, भरेको त्यो थैलीलाई,
लुट्नलाई बढ़ौं अगाड़ि, जन आवाजको ज्योती बाली ।
यो अन्याय अत्याचारलाई, भुलेर बस्नु हुन्न यसै,
चाहे भोकै मरौं, दुःख परोस चाहे फाँसी परोस् कसै ।
हाम्रो गलामा पासो लगाउँने, भ्रष्टाचारी नीतिलाई,
बढ़न दिने मौका छैन, विदेशमा दुःख पाई ।
कित नामले नै मरौं, कित कामलेनै मरौं;
देशको आफ्नो सम्पतिले, स्वदेशलाई नै भरौं ।
छोड़ौं विदेश फर्कौं स्वदेश, मातृभूमिको सेवक बनौं;
खोजेर साथी गाउँ-गाउँमा' गोरेटो हामी नयाँ खनौं ।

---

# नेपाल फर्क !

• हरिहर भुसाल
मेघालय

ए ! विदेशमा बस्ने नेपाली हो,
आँखा उघारेर हेर;
स्वदेशमा आगाको राँको दन्क्यो,
सामन्तको मुटु काँप्न–लाग्यो ।

हामी भने विदेशको अन्धकारमा बसेर,
कँयौं विदेशीको दलाल बनेर;
एक थाल भातको लागि बलिदान दिएर,
यो अमूल्य जीवन व्यर्थ गुमायौं ।

आफ्नो मातृभूमिमा,
विदेशीको बोल–बाला छ;
आफ्नो देशको अधिकार,
विदेशीले लुटी रहेछन् ।

हामी यहाँ एक पैसा कमाउँछौं भने,
हाम्रो देशको करोड़ौं पैसा,
गरीबलाई भ्रममा पारी,
विदेशीले लुटी रहेछन् ।

यी अन्यायी र परजीवीहरू,
हाम्रो कमजोरीमा,
रात दिन आनन्द लिंदंछन् ,
बकुलो झैं गद्दीमा बसेर ।

हाम्रो देशको सम्पत्ति,
बिदेशीद्वारा बर्बाद छ;
हाम्रो नीलो जोस,
नोकरीमा गुलाम छ ।

आफ्नो गाउँको निम्ति,
ती दु:खी परिवारको निम्ति,
आँशुले भिजेकी नेपालआमाको निम्ति,
के हामी बाँचिका छौं ?

यदि बाँचिका छौं भने,
किन नेपालको करूणाजनक अवस्था ?
बर–बर तानाशाही सामन्तको हातमा,
नाची रहेछ ।

आफ्नो आमाको आँशु पुछ्न,
हे ! फौजी भाई हो,
तिमी आफ्नै देशमा शहीद बन,
आमाको काख मिल्ने छ ।

हे ! गरीब मजदूर हो,
आफ्नै देशमा पसीना बगाउ,
हे ! बुद्धिजीवी आफ्नै देशमा उत्पादन गर'
तब हाम्रो जीवन सार्थक हुनेछ ।

प्रत्येक दिन र प्रत्येक क्षण,
त्यो रातो सेतो झण्डाले,
सुरम्य प्रकृति र हिमालले,
डाँफे चरीले ।

मातृभूमिको पुकारले,
पानी बिचको रातो गुलाबले,
बोलाउँदैछन् हामीलाई,
"नेपाल फर्क ! नेपाल फर्क ! ! "

---



# भारत नेपाल सम्बन्धमा एक मूल्याङ्कन

ईश्वरी प्रसाद खनाल
शिलाङ

भौगोलिक कारणले गर्दा नेपाल र भारत धेरै नजिकका छिमेकी देश हुन् । आज सम्म पनि नेपाल भारतको सिमानामा कुनै प्रकारको रोकटोक नहुनाको कारण अधिकांश नेपाली भारतमा आएर बसोबास गरेकाछन् र त्यसै अनुसार भारतीयहरू पनि नेपालमा गई बसोबास गरेकाछन् । यसरी बाहिरबाट हेर्दा भारत सरकार र नेपाल सरकारका बिचमा घनिष्ट सम्बन्ध भएजस्तो लाग्छ । तर यसमा ध्यान दिएर हेर्ने हो भने यहाँ ठूलो अन्तर पाईन्छ । त्यस्ता अन्तर — विरोधहरू राजनैतिक, आर्थिक, सामाजिक, सबै भागमा पाईन्छन् । जसले गर्दा भविष्यमा नराम्रो वातावरणको सृजना हुने सम्भावनाछ ।

कहिलेको राणा जहानीया शासन र कहिलेको तानाशाही सरकारले गर्दा नेपालको विकासमा ठूलो बाधा पुर्‍यायो । जसको फलस्वरूप नेपाललाई चाहिने अधिकांश सामानहरू बाहिरबाट मगाउनु पर्दछ । नेपालमा भएका काँचा पदार्थहरूको पनि सदुपयोग हुन नसकी कोइ विदेश (भारत)–मा पठाइन्छ त कोइ त्यसै सड़िरहेकाछन् । आज सम्म पनि नेपालको व्यापार ८० प्रतिसत भन्दा धेरै भारत सँग नै हुन्छ र आफ्ना देशका कच्चा पदार्थहरू पनि भारतलाईनै दिइएको छ । जसले गर्दा नेपालको आर्थिक व्यवस्था दिन पर दिन नराम्रो हुँदैछ । त्यहि मौका छोपी भारत सरकारले सामानको दाम दुगुना गराउदै लगेको छ । त्यसै भारले गर्दा सम्भव वस्तुको व्यापार नेपालले बाहिरका अरु देशसँग गर्ने विचार गरी भारत सँग बाटो माग्दा अनेक प्रकारका झमेलाहरू लगाई व्यापार चलाउनमा ठूलो धोका दिई आएको छ । यो भयो भारत भएर अरु देशबाट नेपालमा गर्ने व्यापारको दशा । फेरी जुन एकमात्र समाजवादी चीन सँग नेपालले सोझै व्यापार चलाउन सक्छ । समाजवादी चीनबाट केही नगन्य सामानहरूको व्यापार बढ़ाउँदा पनि भारत सरकारले नाना प्रकारका धम्कीहरू सुनाउँदै आएको छ । यहीनै सब भन्दा दु:ख लाग्ने कुरा हो । आफ्ना देशबाट दिने समानमा मनपरी भाव बढ़ाउने बाहिरबाट ल्याउनको लागि पनि बाटोको असुविधा पारीदिने र छिमेकी देश चीनसँग केहि मात्र सम्बन्ध राख्न खोज्दा न चाँहिदा धम्की सुनाउने । नेपालले अरुदेश सँग कुनै प्रकारको व्यापार

नचलाई भारत सँग मात्र व्यापार गरेमा नेपालको स्थितिमा केही परिवर्तन आउन सक्ला त ? कदापि सक्दैन। देशका कच्चा पदार्थहरू, कम्ति मूल्यमा फाल्ने र विस्तारवादी भारतका सामान मनपरी निर्धारित गरिएको मूल्यमा लिंदा देशमा सँधै आर्थिक संकट उत्पन्न हुन्छ, जसले गर्दा कुनै हालतमा पनि नेपालले आफ्नो टाउको उठाउन सक्नेछैन । त्यसकारण भारत सरकारले नेपालमाथि अपनाउन खोजेको दुर्व्यवहारलाई छाड़ी एक मित्र राष्ट्रको रूपमा वास्तविक सहयोग गर्नुपर्दछ । तब मात्र नेपाल भारतका बिच राम्रो सम्बन्ध रहन सक्छ र एकअर्का देशमा बस्ने बासिन्दाहरू माथि नराम्रो समस्या पर्नेछैन ।

भारत सरकारले नेपाली र नेपाललाई धेरै सहायता गरेको छ भन्ने दावा गर्छ । तर त्यसले यसप्रति कुनै सोच विचार गरेको छैन कि ८० प्रतिसत भन्दा धेरै व्यापार यत्रो वर्षसम्म नेपालमा गर्दा त्यसबाट के कति मुनाफा हुनआएको छ। फेरी सहायता पनि के नेपाली जनताको हितकोलागि गरेको छ भन्न सक्छ ? कदापी होइन । सबभन्दा ठूलो सहयोग गण्डकी र कोशी योजना हुन् । जसबाट ८० प्रतिसत भन्दा धेरै फायदा भारतलाई नै भएको छ। ती योजनाबाट उत्पन्न गरिएको विद्युतको सयकड़ा ९० प्रतिसत भारतमा नै पंठारी गरिन्छ भने नहरद्वारा निकालिएको पानीले पनि ९० प्रतिसत भन्दा बढ़ी भारतकै भूमि सिचाई गरेको छ । अर्को सहायता हो बाटो । बाटा यस्ता ठाँउहरू पत्ता लगाएर बनाएको छ जस्ले भारतमा तयार गरिएका समान नेपालको मुख्य मुख्य ठाँउमा पुर्‍याएर बिक्रीगर्न सुविधा परोस । जसले गर्दा नेपालका गाउँ-घरमा शुरु गरिएका सानातिना घरेलु उद्योगहरूले ठूलो मार खानु परोस्, शहरी ईलाकामा शुरु गरिएका मिल, कारखानाहरूमा पनि शुरु हुनासाथ भारतीय विस्तारवादीको तुलनामा आउनुपर्दा जरा गाड्न नपाउँदै भताभुङ्ग भएर जानु परोस् । भारत सरकारले यदि नेपालको भलाई प्रति ध्यान दिन्थ्यो भने नेपालमा खुल्न लागेका उद्योग धन्दा माथि सहयोग र प्रोत्साहन गर्ने थियो । जसले गर्दा आजसम्म नेपालको अर्थ व्यवस्थामा ठूलो परिवर्तन आउने थियो । त्यसको विपरित आफ्नो व्यापारमा घाटा पर्छ भनि भरखर शुरु गरिएका उद्योग धन्दा माथि जाई लागेर तहस-नहस पार्दै आएको छ ।

भारतको यो विस्तारवादी नीतिलाई देख्दा नजिकका साना-साना देशहरूले निकै होसियारी र सावधानी लिनु पर्ने समय आएको छ। अन्यथा भूटान र सिक्किमको अवस्था अरु देशमा पनि आउन कती समय छैन । किनकी भारतको सहयोगले भूटान र सिक्किम दुई छिमेकी देशहरू ज्यादै उभो र उन्नतिको शिखरमा पुग्दा भारतको एकलौटी निर्भरता बाहेक अन्य केही परिवर्तन आउन सकेको छैन । त्यहाँका जनता-हरू ज्यादै पिछाड़िका छन् र मध्ययुगिन सामन्ती व्यवस्था भित्र जकड़िएकै छन् । के आर्थिक, के सामाजिक, के राजनैतिक, के शैक्षिक सबै अवस्था सोचनीय छन् ।



आज नेपाली जनताले भारत सरकार प्रति दुःख प्रकट गर्नु परेको छ कि १०४ वर्ष सम्मको राणाको एकलौटी शासन र त्यस पछि तानाशाही व्यवस्थाले गर्दा नेपाली जनताले ठूलो यातना सहनु पर्‍यो । त्यस अवस्थामा पनि भारत सरकारले ९० प्रतिसत गरीब नेपाली जनताप्रति एक शब्द पनि बोल्न सकेन । सँधै भरी १० प्रतिसतलाई काखी च्यापि ९० प्रतिसतलाई चुस्ने पक्षमा नै रह्यो । त्यसको साथै नेपाली जनताको परम शत्रु कोइरालालाई प्रोत्साहन दिएर नेपाली जनजीवनमा अरु नराम्रो समस्या खड़ा गर्ने तर्फ पनि यहाँको सरकार अगाड़ि सरेको छ ।

अब नेपाल देश प्रति श्रद्धा र भक्ति हुने सबै देश प्रेमी जनहरूले भारतको नीतिलाई राम्रो सँग बुझी कार्यमा संलग्नभई अगाड़ि बढ्ने समय आएको छ ।

# मायालाग्दा अनुहारहरू

• गोपी नारायण प्रधान, शिलाङ ।

मेरैजैं मायालाग्दा अनुहारहरू
मेरा वरिपरि देख्दछु
फेरि भोलि होला
सूर्योदय होला
अन्धकारले सँधै ननिल्ला
—यस्तै कैयौं स्वर्णिम भोलिहरूका
उद्विग्न प्रतीक्षामा
मरी मरी बाँचिरहेकाहरू
मर्न नसकेर बाँचिरहेकाहरू
मेरैजैं मायालाग्दा अनुहारहरू
मेरा वरिपरि देख्दछु ।

# मातृभूमिको पुकार

श्री मोतीलाल भण्डारी "पिडित"
शिलाङ, मेघालय

आजको युग वैज्ञानिक एवं सुसङ्गठित युग हो। आज संसारका सबै देशहरूले उन्नति गरिसके तर हाम्रो नेपालमा भने कुनै उन्नति र प्रगति हुन सकेको छैन। कारण स्पष्ट छ हामी समस्त नेपाली नवयुवक विदेशमा छौं। आज सम्म कुनै देशका जाति पनि हामी नेपाली सरह छैनन्। जातिको उन्नति बिना देश र राष्ट्रको उन्नति असम्भव छ। नेपालको स्थिति हेर्ने हो भने हाम्रो हृदयमा साह्रै दुःख एवं मर्का पर्दछ। हाम्रो स्वदेश नेपालमा विदेशी पूँजीपति र देशीय सामन्तीहरूले राज गरिराखेका छन् तर हामीहरू भने अर्काको देशमा गुलामको रूपमा बसिरहेका छौं। यदि आज पनि हामीहरू टोलाएर बसिरहन्छौं भने, हाम्रो भविष्य बेकार भएर जाने छ। आज देशमा सामन्तश्री एकतान्त्रिक सरकारको मारले गर्दा त्याहाँका समस्त गरीब जनता दुःखीत र पीड़ित छन्। तिनीहरूले सामन्ती, पूँजीपति अनि एकतान्त्रिक सरकारको मार बाट बचन सङ्घर्षको बाटो अपनाई राखेका छन्। तसर्थ हाम्रो कर्त्तव्य हुन जान्छ कि तिनीहरूको साथ तन, मन धन, जनले दिनु पर्दछ।

नेपाल समस्त नेपालीहरूको साझा हो। यो कुनै दुई–चारजना पूँजीपतिको पेवा होईन। तर खास गरेर हेर्ने हो भने हाम्रो नेपाल केवल दुई–चारजना शोषकहरूको स्वार्थको निम्ति मात्र भएको छ। एकातिर यस प्रकारका घटनाहरू घटीरहेका छन् भने अर्कातिर हामीहरू एकपेटको लागि मात्र अर्काको गुलामी बन्नु परेको छ। यो साह्रै दुःख लाग्दो कुरा हो। भारतीय एकाधिकार पूँजीपतिहरूले हाम्रो देशमा बसी जुकाले रगत चुसे झैं नेपाल भूमिको उपज र नेपाली जनताको पसीना चुसिरहेका छन्। भारतमा विशेष गरेर नेपालीहरूले निम्न स्तरका काम गरी आफ्नो ईज्जत बिक्री गरी एकपेट खानु परेको छ। स्वदेशमा भने हामीहरूलाई आफ्ना आमाबाबुले दुई-चार बचन भनेमा साह्रै रिश र झोंक उठी विदेश तिर लाग्दछौं तर विदेशमा आई विदेशीहरूले नाना-किसीमका गाली धमकी दिंदा पनि हामीलाई केही झैं लाग्दैन। के यो सर्म र लाजलाग्ने कुरो होईन ?

आज हामीहरू धेरै मात्रामा आफ्नो गाउँघरमा छैनौं। हाम्रो अभावमा गाउँ-घरका सामन्त एवं फटाहाहरूले लाटा-सोझा दाजु-भाईहरूलाई ठगी लाभ उठाई राखेकाछन्। हामी आफ्नो घर-द्वार छोड़ी विदेशमा आई एक पेटकोलागि नाँचि-



रहेका छौं। के आज सम्म यस प्रकारले विदेशीएर हाम्रा समस्याहरूको समाधान भयो त? यहाँ यस प्रकारको व्यवहारले कहिले पनि समाधान हुन सकेन। हामीहरूले जे जति गर्नु पर्दछ त्यो ठाँउमा नै गएर गर्न पर्दछ। "एकातिरको आँधी र अर्कातिरको झर्लंगो" भनेझैं गरेर कहिले पनि हामीले सफलता प्राप्त गर्न सक्तैनौं। एकातिर यस्ता घटनाहरू घटिरहेका छन् भने यसको विपरित हाम्रो देश एवं सम्पतीका नाईके अर्कै छन्। हामीहरू यसरी त्याहाँका शोषक फटाहाहरूको धमकी र डरले विदेशमा बस्ने हैन। चाँडै नै स्वदेश तर्फ लाग्नु पर्दछ।

हामीहरूको अभावले गर्दा देशको माटो रूखिएको छ। बनजङ्गलहरू हराउदै गएका छन्। हाम्रा आमा बाबु अपूताको रूपमा रूँदै छन्। हाम्रा गरीब दाजु-भाई एक्लै भएर कुनै काममा साथ नपाएर बिरक्त भएका छन्, तसर्थ त्याहाँ हाम्रो उपस्थिति नतान्त जरूरी छ। हाम्रो साथ पाएमा त्याहाँको उजाड़ भूमि उर्वरा हुनेछ। नेपाल आमाको आत्मा हाँस्ने छ र मातापिता खुशीले प्रफुल्लित हुनेछन्। बनजङ्गल हरिला भरिला हुनेछन्। हाम्रा गरीब दु:खी साथ नपाएका दाजु-भाईले साथ पाउने छन्। दिदी बैनीले स्नेह पाउनेछन्। स्त्रीहरूले प्यार पाउने छन् अनि हाम्रो भोलिको नेपाल अर्कै हुनेछ।

हामीहरूले हाम्रो रगत र पसीना स्वदेशमा नै बगाउनु पर्दछ। जस्तै कि —

"फर्कौ दाजु र बैनी स्वदेशमै लड़ौंला"

(पचास रूपियाको तमसुक बाट)

विदेशमा बसेका आफूलाई नेता सम्झने केही नेपालीहरूले नेपाल प्रति र नेपालका नेपालीहरूप्रति अनास्था र घृणा देखाइ जनसाधारणमा नेपालप्रति आस्था छैन भनेर भ्रम फैलाउँदै छन भने यिनीहरूले नै नेपालमा जमिन किनी महल, मोटरकार, र भोगबिलासका साधनहरू बढ़ाउँदै छन्। भारतीय नेपालीहरूले यसप्रकारका तेल-बेसारे नेतालाई चिनी सावधानले काम नगरेको खण्डमा उनिहरूको भविष्य नराम्रो हुने सम्भावना देखिन्छ।

हामीहरू त्यो शिखरमा पुग्नु परेकोछ जुन शिखरमा हाम्रा पूर्वजहरू कहिल्यै पनि पुगेनन्। अनि हामीहरूले यस प्रकारको समाजको निर्माण गर्न परेको छ जुन समाजको स्तर कहिल्यै पनि ओइलाएर नजावस। आपसको द्वेषभाव क्लेशलाई बिर्सी नेपालआमाको पुकारमै गरीबहरूको सेवा र क्रान्तिकारी कदममा एकमत भएर परिवर्तन ल्याउने लक्ष्य भएको छ।

—※—

# स्वदेश सम्झना

● रण बहादुर थापा,
शिलाङ (मेघालय)

कति बस्ने बिदेशमा जाउँ आपनो देशमा ,
मातृभूमि नेपालको बस्नु पर्छ काखमा ।
मिली – जुली कामगर्दा होला देश उज्यालो,
आपनो देशको आफ्नै भाषा हुनेछ सजिलो ।
प्रसिद्धछौं जतातत्तै बहादुरको नाममा,
लाग्नु पर्‍यो आज हामी भाड़ा माझ्ने काममा ।
धिक्कार छ हामीलाई विदेशआई बस्छौं,
रूख मुनिको खेती जस्तै कक्रिएर मर्छौं ।
युवक सबै विदेश बसी हुने छैन काम,
बीर हामी नेपालीको बिग्रने छ नाम ।
विदेशमा बस्न हुन्न बिर्सी घरबार,
स्वदेशमा गई खोजौं आफ्नो अधिकार ।
विदेशमा लड़छौं हाम्रो बाजी लगाई ज्यानको,
मर्दा कत्ति इज्जत छैन आहार बन्छौं स्यालको ।
नेपालीले ज्यान लगाई बिदेश जमाउने,
आपनो देशमा भने सँधै विदेशी रमाउने ।
दिदी–बैनी, दाजु–भाई खाली एक थालमा,
भुल्नहुन्न स्वदेशलाई परी दुष्ट जालमा ।
विदेशमा बस्ने सबै नेपाली दाज्यु–भाई,
खाली पार्न हुन्न अब आपनो नेपाललाई ।
आँखा खोली हेर्नोस छिटो देशको अवस्था,
बनाउनु पर्छ आफ्नै देशको व्यवस्था ।
हामीले नै गर्नु पर्छ स्वदेश निर्माण,
सुती – सुती कामबन्ला भनेर नठान ।
थिचिएर – चुसीएर कति दिन बस्ने,
बानी अब भुल्नु पर्छ विदेशमा पस्ने ।
नेपाल फर्कौं नेपाल फर्कौं सबै दाजु-भाई,
फर्की हेर दिदी–बहिनी मातृभूमिलाई ।



# हनन भएको अधिकारलाई नबिर्स

● पद्म गिरि

१०४ वर्ष सम्म नेपालमा राणाशाहीले जनतामाथि क्रुर शासन चलाएको थियो । देशमा उन्नति गर्न दिदैनथ्यो । उन्नति गर्ने व्यक्तिलाई सजाय दिन्थ्यो । मानिसहरू कलाकार हुन लागे भने हात काटिदिन्थ्यो । अर्कोतिर अंग्रेज सरकारबाट पैसा लिई नेपाली युवकलाई भारतमा गोर्खा भर्ति केन्द्रमा भर्ना गराईन्थ्यो । फौजमा भर्तिहुन मन नपराउनेहरू विदेशमा आएर दरवान, चप्रासी, कूल्ली काम गर्न बाध्य हुन्थे, किनकि त्यस समयमा नेपालमा गरीबलाई कुनै किसिमको व्यवस्था थिएन । शिक्षाको कमिले र अर्काको अधिनमा परेकाले नेपाली युवकहरू मर्नमा कत्ति डराउँदैन थे । आफ्ना शत्रुलाई बिरतापूर्वक लड़ेर नास गर्ने हुँदा अंग्रेजले नेपालीलाई अरु भेड़ा बनाउन 'बहादुर' नाम ले पुकार्दथ्यो । फलत: आज सम्म पनि नेपालीलाई 'बहादुर' भन्ने चलन छ । युद्धबाट बचेका केही नेपालीहरू केही पैसा र कपड़ा लिएर घरमा जाँदा वहाँका युवकहरू पनि बिदेशमा नै राम्रो रहेछ भन्ने ठानी बिदेशमानै मोइरिन थाले ।

दिन पर दिनको राणाशाहीको बढ़दो अत्याचारलाई नेपाली जनताले सहन सकेनन् । राणाशाहीको त्यस दमन चक्रनीतिलाई जनताले उखेल्नै चेष्टा गरे । २००७ सालमा नेपालमा जनक्रान्ति भयो । कतिपय देशभक्तहरूलाई शहीद बन्नु पर्‍यो । तर देशद्रोही नेताहरूले गर्दा क्रान्ति सफल हुनसकेन । पछि २०१५ सालमा पनि यिनै भनाउँदा नेताहरूले आम जनता माथि भ्रमफैलाई आफ्नो स्वार्थ सिद्ध गर्ने विचार गरे । यस चुनावमा कांग्रेसको जित भयो । अलि सुखको सास फेर्न पाउने आशा राखेका नेपाली जनतलाई निराश हुनु पर्‍यो । देशका नेता भनाउँदाहरूले आफ्ना नाता, पाताहरूलाई ठूलो ओहदामा पुर्‍याउने मौकापाए । यसरी दिन प्रतिदिन नेपालमा सुख र शान्ति को सट्टा झन–झन अन्याय र अत्याचार बढ़दै गयो । २००७ सालमा भएको क्रान्तिलाई दमन गर्न दिल्ली सम्झौता भयो । यो सम्झौता नेपाली जनताको सुख र शान्ति को विरुद्धमा गरिएको थियो । जसले गर्दा क्रान्तिकारी जनताको उत्साह र सङ्घर्षलाई बिचैमा रोकिदियो । त्यसक्रान्तिको नेतृत्व गर्ने नेताको कमिले गर्दा मुखमा परेको आहार गुमाए जस्तै स्वतन्त्रतालाई गुमाउनु पर्‍यो । आज सम्म पनि नेपाल तानाशाहीको हातमा नाँचिरहनु यिनै भनाउँदा नेताहरूको चालबाजीले गर्दा हो ।

आज सम्म पनि नेपालमा कुनै परिवर्तन आउन सकेन । यो बड़ो दु:खको कुरा हो ।

बरु एकतन्त्री हुकुमी शासनले गर्दा दिन प्रतिदिन नेपालीहरू हजारौंको संख्यामा विदेश आउँदैछन् । जोसिला युवकहरू दरवान, चप्रासी, कूल्ली, बबर्जी, फौज आदिमा भर्तिभई एक पेटको लागि बलिदान हुनु परेको छ भने युवतीहरू वेश्याखानामा बिक्री भइरहेका छन् ! यो एकतन्त्री शासनले गर्दा देश दिन प्रतिदिन गरीब भएको छ र देशका कर्णधार विद्यार्थी र बुद्धि-जीवीवर्गमा असन्तोष फैलिँदै आएको छ ।

हामी यदि स्वदेशलाई उज्ज्वल बनाउन चाहन्छौं भने विदेशमा बसेर हुँदैन । आमी नेपाली हौं हाम्रो अधिकारमा हनन भएको छ, भन्ने कुरालाई भुल्नु हुँदैन । अब हामीहरूले धेरै सोचिराखेर काम चल्दैन । जसको नेपाल प्रति आस्था छ । जसलाई मातृभूमिको अगाध प्रेम छ । उनीहरूले अब यहाँ बसेर राम हेर्ने मौका छैन । प्रवासमा हाएका समस्त दाजु-भाई तथा दिदी बहिनीहरू अब नेपाल गएर सामन्ती व्यवस्थाको नास गरी जनताको सरकार खड़ागराए मात्र हामीहरूको भविष्य निर्माण हुनेछ ।

पहिलेको राणा शासन अनि कांग्रेस सरकार र अहिलेको तानाशाही व्यवस्थामा जकड़िएका हामीले एउटा अर्को बाटो खोज्नु परेको छ । यसैले नेपालको प्रत्येक जिल्ला र अञ्चलमा 'जनवादी क्रान्ति' फैलिएको छ । देशको भलो चाहने प्रवासमा बसेका युवक र युवतीहरू साथै बूढ़ा बूढ़ीहरू पनि त्यस बढ़दो जनक्रान्तिलाई तन, मन, धनले सहयोग गरी अघि बढ़ेमा हाम्रो देश चाड़ैं नै सामन्तशाही शासनबाट मुक्त हुने छ ।

---

# एकताको खाँचो

● रथ बहादुर सापकोटा
शिलाङ

स्वदेशमा सामन्ती र अत्याचारीहरूको
शोषण र अत्याचार सहन नसको
विवस र लाचार भई
विदेशीएका हे नेपाली
एक जुट भई अब नेपाल फर्क
यहाँ पनि कति दिन चुप लागी बस्ने हो
विदेशीको मारमा कहिले सम्म खप्ने हो ।
के नेपाल हाम्रो देश होईन ?
यदि हो भने हामी विदेशी बन्छौं किन ?
नेपाल हाम्रो हो भने
हाम्रो नेपाल जानु पर्छ ।
एक जुट भइ नेपाल गई
सामन्ती र अत्याचारीलाई
क्रान्तिरूपी आगोले डढ़ाउनु पर्छ
हक र अधिकारको निम्ति सङ्घर्ष गर्न
एकजुट भई लाग्नु पर्छ ।



# देश प्रेमीप्रति

● भुवानन्द पाण्डे

भारत हाम्रो छिमेकी राष्ट्र हुँदा र भारतले आफ्ना कैयन स्वार्थ पूर्ति गर्ने मौका पाएकोले र नेपालका सामन्तीहरूलाई यस्तै प्रतिक्रियावादी नीतिको देशभित्र प्रचार प्रसार भएमा आफ्नो पुरानो शोषण कायम गर्न सुबिधा पर्ने हुदा नेपाल भारत बिच आवत जावत गर्नुमा अरू देशमा जस्तै बन्देज छैन । जसले गर्दा नेपालीहरू बढ्दो मात्रामा भारत आउन थाले । सामन्ती पूँजीपति सम्पति थन्क्याउन थाए भने गरीबहरू पेट पाल्न । नेपाल सरकारले आफ्नो जनतालाई सुविधा दिनुको सट्टा उनीलाई बेचेर पैसा सँगाल्यो । यो घीनलाग्दो सरकारलाई अझ पनि सरम छैन कि नेपालीले कसरी देश बाहिर गई अर्काको नोकर बनेर ज्यान पाल्दछन् । जब एक देशका जनता अर्को देशमा एक पेटको लागि बलिदान हुनुपर्दछ भने के आफ्नो देशको सरकार जुँदो ठहरिन्छ ? त्यो सरकारको बेइज्जति नभएर कस्को हुन्छ । तर यो सोच्ने शक्ति ती शासकको मरे पछि मात्र आउँछ होला ।

अब हामी नेपालीले आफ्नो वर्ग छुट्याउन परेको छ । जुन मानिसलाई नेपालको आस्था छैन तिनलाई हामी केही भन्न चाहन्नौं । हामी ती नेपाली भाईलाई आह्वान गर्दछौं जसको नेपाल प्रति पूर्ण आस्था छ, जसको ईच्छा आफ्नो परिवार-लाई सुख दिनेछ, को सोचनीय अवस्था छ ।

एक त हामी भारतमा किन आउनुपर्‍यो ? भन्ने कुरालाई सोच्नु पर्दछ । यदि हामीलाई नेपालमा पेटको समस्या हल हुन्थ्यो भने विदेशीको नोकर बस्ने ईच्छा अवश्य पनि आउँदैनथ्यो होला । हामी गरीबप्रति न धनीले बिचार गरे नत शोषकले टीठ गरे । नत सरकारले ध्यानदियो । हामी जतातर्तैबाट थिचियौं मिचियौं र धूलो धूलो भयौं । केवल हाम्रो लक्ष भारत ओइरिने भयो ।

अर्को तर्फ बिचार गरौं । हाम्रो देशको विभिन्न भागमा विदेशीको बोलबोला छ । उनीहरूले नेपाललाई एउटा उपनिवेश अथवा व्यापारीक केन्द्र बनाएका छन् । उनीहरूलाई विदेशीको नामले पुकार्ने कोही पनि छैन । तर हामीलाई भने भारतमा कुन्ना साथ विदेशी भन्ने शब्द सुनिन्छ । हामीहरू चाहे जति शिक्षा हासिल गरौं तर हाम्रो शिक्षाको कुनै पनि महत्व छैन । हामीलाई त भारतले जातै जमदार भने जस्तै बनाएको छ । साँच्चै हामीहरू न त नेपाली हौं भनेर सुहाउँछ न त भारतीय हुँ भनेर । नेपाली भन्ने हो भने नेपाल प्रति हामीले के त्याग गर्‍यौं । भारतीय हुँ भन्ने

हो भने किन विदेशी शब्द अगाड़ि छ ? नेपालमा राणा शासन भन्दा अझ क्रुर तानाशाही शासन छ । वहाँका प्रत्येक धनी व्यक्तिले गरीबको रगत चुसेका छन् । गरीबको सहारा बिनै कोही पनि छैन । यता भारतमा आएर कान्छा, कान्छी र दाजु भन्ने मायालु शब्दलाई बबर्जी, भाड़ामाझ्ने र कूल्ली गराउन परेको छ । नोकरीको लागि जात र देश छिपाउनु पर्दछ । लड़ाइको समयमा हाम्रो गोर्खालीलाई 'बहादुर अघि बढ़' भनिन्छ भने अघि पछि कुकुर सरावर व्यवहार गरिन्छ । विदेशमा आएर एक पेटको लागि तीन दिनको काम एकै दिनमा गरी बहादुरी देखाएर केही पैसा सँगाल्यो भने उनै घरका सामन्त, जसले गर्दा हाम्रो बनवास लाग्यो, आएर धम्की देखाई लुट्ने काम गर्दछन् । यहाँका सामन्तले पनि हामीलाई दुःख पाएको देख्दा केही वास्ता गर्दैनन् । तर केहीपैसा जम्मा गरेको चालपाए चाप्लुसी लगाएर लुटनेकाम गर्दछन् । यी सब कुराहरू हाम्रो दैनिक जीवनमा घटिरहेका छन् ।

अब हामीहरूले भित्री आँखा खोल्न परेको छ । के हामी सँधै पराधिनमा रहने ? यो अत्यन्त महत्वपूर्ण समय छ । यही समयमा नै हामीले आपनो ओइलाएको उद्देश्यलाई जगाउन परेको छ । आज सम्म हामीले हाम्रै दाज-भाईलाई चिनेका छैनौं । त्यसर्थ हाम्रो अधिकारमा बाधा पुग्न गएको छ । अब हामीले जानी सकेका छौं । चाहे नेपालीनै किन नहोस अलिकति ठलो ओहदामा पुगेपछि आफ्नै स्वार्थ पूर्ति गर्न चाहन्छ । यदि नेपालीले नेपालीमाथि विचार गर्थे भने आसाम सरकारले पुस्तौं देखि बसोबास गरिआएका आसामका नेपालीलाई घरमा आगो लगाएर निकाल्दा के हेरे । त्यस बेला ठूलो ओहदामा पुगेका हाम्रा नेपाली नेताले नोकरीको डरले केही बोल्न सकेनन् ।

जब सम्म हामी नेपालीमा एकता हुँदैन तबसम्म हामी कुनै पनि कार्यमा सफलता प्राप्त गर्न सक्दैनौं । अत: हामी हाम्रो बितेको इतिहासलाई एक पल्ट हेरौं र आउने कुरालाई सोचौं । आजको बीसौं शताब्दीमा मानिसले कत्रो उन्नति गरे । तर हामी भने केवल विदेशीको नोकर बन्यौं । आज हामीलाई हाम्रो मातृभूमि किन छोड़नु पर्‌यो । हाम्रा मूल्य दुश्मन को हुन बुझी जनताको आवाज हामी द्वारा उठनु पर्दछ । अन्यथा हाम्रो देशमा कुनै प्रकारको बिकास हुन सक्ने छैन । आज हामीलाई आफ्नो देशमा गई रणभूमिमा उग्री क्रान्ति गर्नु परेको छ । हामी गरीब नेपाली जनता जसलाई थिलो-थिलो हुनु पर्‌यो । हाम्रो रगत र पसीनाले आनन्द कसले लिएका छन् ? कसले हामी माथि यो घोर अत्याचार गरेको छ ? यी शत्रुलाई माटोमा मिलाउन हामीले नै कम्मर कस्नु पर्दछ । अतः सम्पूर्ण गरीब जनता एकजुट भई नेपाल फर्कौं । सर्व प्रथम गाउँका भूरे-भारे सामन्तको रगत पिउँ । अनी उपनिवेशवादी र तानाशाही सामन्तको जरा उखेलौं । तब मात्र हाम्रो जीवन सार्थक हुने छ । नेपाल आमाको पुकार पूरा हुने छ । गरीबले पनि सुखको सास फेर्न पाउने छन् । हाम्रा भावी सन्ततीको भविष्य उज्वल हुने छ ।



पहाड़ी पाखामा

# रूग्ण जिन्दगीको एउटा गीत

● धर्मलाल भूसाल
शिलाङ

मैले ती पहाड़ी पाखाहरूमा
धेरै - धेरै आशाका फूलहरू रोपेको छु ।
भोलि आउने ती नयाँ पिढ़ीलाई
रूग्ण जिन्दगीको एउटा गीत खोपेको छु
गुराँसको फूलसित —
मैले धेरै
मीठो सम्झना रोपेको छु ।
रूखिएको हाम्रो जातिलाई
एउटा नयाँ गीत खोजेको छु ।
कसैले भन्लान् तिमीलाई
"यो बाटो तेरो होइन भनेर
यो माटो तेरो होइन भनेर
कसैले भन्लान् तिमीलाई
तँ यहाँ नबस भनेर
तँ यहाँ नहिंड़ भनेर
यी फूलहरू हाम्रा भनेर
रातो गुराँस पेवा भनेर" ।
कोही तिम्रो मुख थुनिदेलान्
कसैले तिम्रो गतिमा शंका गर्लान्
मैले यो कथा—
यहाँका प्रत्येक काल्नालाई सुनाएको छु
मैले यो पीर—
यहाँका प्रत्येक पखेरामा पोखेको छु
वैसमा ओइलिन परेको गुराँसलाई
मैले यो सम्झाई दिएको छु
हिमालमा पहेंलिएको घामलाई
धेरै पल्ट भनिदिएको छु ।
चौतारीमा पर्खिरहनेलाई
यो समाचार पठाइदिएको छु
तिमी पर्खि बसे है !
रूखो माटोको माया नमारे है
हामी मार्ने छैनौं मायाँ
रूखो माटोमा हुकिएका तिमीलाई
उपेक्षा गर्ने छैनौं हामी
तिम्रा आँखाका जीवित आशालाई
सुकाई–सुकाई मार्ने छैनौं हामी
रूखा पखेरामा फुलेका गुराँसलाई
चौतारीमा पर्खिरहने तिमीलाई
कसरी बिर्सन्छौं हामी ?
जब यहाँ—
पीड़ित मुटुले हामीलाई घोरोलिरहन्छ भने
हाम्रो आँटले हामीलाई गिज्याइरहन्छ भने
हाम्रो जीतले हामीलाई हराइरहन्छ भने
हाम्रो बिर्साइले सँधै सम्झाइरहन्छ भने
हामी भित्रको सजग मान्छेलाई
मानवताको चर्को चित्कारलाई
बिर्सन नसक्ने सम्झनालाई
कहिल्यै बिर्सन्नौं हामी ।

# पीड़ित जनताप्रति एक आह्वान

● सन्तुराम सुनार
शिलाङ (मेघालय)

नेपाली जनताको बीरताको प्रसंशा इतिहासले गर्दछ । हामी नेपालीहरू जुन देशमा पनि रोजी-रोटीको निम्ति गएका छौं त्यस देशको स्वतन्त्रताको रक्षाको निम्ति हमेसा नै एक इमान्दारी, साहसी र बहादुरीको रूपमा नै देखापरेका छौं । हाम्रा कतिपय नेपाली दाजु-भाई विदेशमा आई त्यस देशको सिमारक्षाको निम्ति हमेसा नै रगत बगाई रहेकाछन् । तर हामीले कुनै पनि पेशामा सम्मान र न्यायोचित सुबिधा पाएका छैनौं । हामी नेपालीहरू आज विदेशमा लाखौंको संख्यामा छरिएका छौं । निश्चय पनि यति ठूलो संख्यामा विदेश घुम्न आएका हैनौं । सामन्ती जाली फटाहा र व्यवस्थाको शोषण अत्याचार र अन्यायले बाध्य भई विदेशमा लागेका हौं । नेपालीहरू सयौं वर्ष देखि भारतमा आवत जावत गर्न लागेता पनि सामन्ती जाली फटाहाको शोषण र अत्याचारको वृद्धिले जीवन यापन गर्ने बाटो नपाई यसरी घरको मायालाई चट्टकै भूली विदेशीनु परेको नेपालमा राणाशाही र विदेशी व्यापारीहरूको संयुक्त शोषणले तिव्ररूप लिन थालेपछि हो । बर्मा, मलाया आदि स्थानमा र विशेष गरी भारतमा आई रोजी-रोटीको निम्ति कूल्ली, दर्वानी, चपरासी इत्यादिको रूपमा काम गर्न पर्‍यो एवं पर्दै पनि छ । सबै शिक्षित एवं अशिक्षित दाजु-भाई तथा दिदी-बहिनीहरूलाई यो कुरा थाह हुनु परेको छ कि स्वदेशका सामन्ती जाली फटाहाको शोषण र निरंकुश तानाशाही सामन्ती व्यवस्थाको अन्याय र अत्याचारले गर्दा हामी गरीब उत्पिड़ित नेपालीहरू विदेशीनु परेको हो । यो कुरा सत्य हो र प्रत्येक देश वा विदेशवासी नेपालीले जान्नु अत्यावश्यक छ । तर हाम्रा कतिपय दाजु-भाईहरू यस्ता पनि छन् जसले उपरोक्त कुराको विपरीत सामन्ती शोषणलाई ढाक-छोप गर्नको निम्ति कसैले लाहुर घुम्न आएको भन्छन् त कसैले पारिवारिक झगड़ाले गर्दा । वास्तवमा भन्ने हो भने विदेशी बन्नुको सब भन्दा मुख्य कारण सामन्ती जाली फटाहाहरूले गरीबहरूमा जाली तमसुक, झुटामुद्दा मामिला गरी घरबारी उठाउने वा घरबारी खोसीदिने इत्यादि षड़यन्त्रले गर्दा नै गरीब उत्पिड़ितहरू धन कमाउने उद्देश्यले विदेशीएका छन् । अझै पनि नेपालमा अन्याय, अत्याचार एवं शोषण बढ़दो छ र सरकारले यस्तो कुरामा आँखा चिम्लिएर बस्दछ । जाली फटाहाद्वारा हुने अन्याय अत्याचार हटाउनुको सट्टामा गरीब किसान-मजदूरमा अनेक थरीका कर, बचत आदिले गर्दा झन ठूलो मार पुर्‍याएको छ । कर, बचत तिर्न नसकेको खण्डमा पनि केही सोच विचार नगरी फौज



र पुलिस द्वारा लाठी र गोलीको प्रहार गर्नु-नै मुख्य कार्य भएको छ। जसबाट हामी उत्पिड़ित गरीब किसान र मजदूरका निम्ति केही हक अधिकार छैन भन्ने कुरा स्पष्ट बुझ्दछौं । विदेशमा छरिएर बसेका समस्त उत्पिड़ित गरीबहरू जबसम्म एकत्रित हुँदैनौं तबसम्म हाम्रो सामुहिक समस्याको समाधान गर्न मुस्किलै छ । आज गरीब उत्पिड़ित नेपालीहरू आफ्नो सामुहिक समस्याको समाधान गर्न विभिन्न किसिमका रूढ़ीवादी कुबन्धनबाट मुक्त हुनु साथै आफूलाई चिन्न र चिनाउन परेको छ ।

हामी नेपालीहरू प्रवासमा मुख्य तीन भिन्न वर्गको रूपमा छौं । र यी तीन वर्गको विश्लेषण यसप्रकार गर्न सकिन्छ । प्रथमवर्ग त्यो हो जसले राणाशासनको समयहुने बेलामा असंख्य धन शोषणको माध्यमबाट लुटी, बाराणसी, बम्बइ, कलकत्ता, दिल्ली, देहरादून आदि स्थानमा गई बिल्डीङ बनाई ऐस-आराम साथ बसेको हामी देख्दछौं । जसमा विशेषगरी राणा र शाहीपरिवार उनीहरूका सम्बन्धीहरू, भाइभारदार गुरु पुरोहितहरू एवं उच्चस्तरिय सामन्ती शोषकहरू पाउँछौं । दोस्रोवर्गमा राणा-शासनको समय देखिनै अंग्रेज र राणाहरूबिच नेपालका युवकहरूलाई राणाहरूले बेच्ने र अंग्रेजले किन्ने समझौता भए अनुसार आफ्नो बहुमूल्य ज्यान दिएर स्वदेशका सामन्तीहरूको र विदेशी पूँजीपति शोषकवर्गको स्वार्थ सिद्धि गराईदिन अंग्रेजी र भारतीय फौजमा भर्ती भएका नेपाली फौजी दाजु-भाईहरू पर्दछन् र तेस्रोवर्ग भारतको विभिन्न स्थानमा अनेकन निम्नस्तरिय पेशामा लागि जीवन निर्वाह गर्ने नेपाली दाजु-भाई, दिदी-बैनी द्वारा बनेको छ । यसरी पहिलोवर्ग बाहेक यी दुई वर्गहरूमा राणाशासनको पालादेखि चल्दै आएको सामन्ती तानाशाही व्यवस्थाबाट र जाली फटाहाहरूको शोषण अत्याचारबाट ज्यादै थिचिएर छटपटाई सासफेर्न निक्लेका गरीबहरूनै पर्दछन् ।

आज प्रवासमा पनि नेपालीहरूलाई साह्रै घृणाको दृष्टिले हेरिन थालिएको छ । काम-काजमा विभिन्न रूकावट र पक्षपात गर्ने प्रथा अस्तित्वै देखि आरम्भ भएको छ । अतः हामी उत्पिड़ित नेपाली जनताको एउटै बाटो छ । त्यो हो नेपाल । आफ्नो देश फर्कनु । नेपाल नै हाम्रो देश र मातृभूमि हो । नेपालगई आफ्नो हक र अधिकारको निम्ति लड़नु । गरीब जनताहरूमा फुट र संकुचित भावना ल्याइदिने समस्त अंधविश्वास र अंध-परंपरा जसबाट सामन्ती शोषकहरूले आफ्नो स्वार्थ सिद्ध गरेका छन् । यो सब वैमनस्य, फूट र शोषण-अत्याचारको सामन्ती साङलोलाई चुड़ाल्न परेको छ । जुन साङलोलाई समस्त देशका उत्पिड़ित जनताको एकताले चुड़ाल्न सकिन्छ । एकता भनेको नै पीड़ित जनताको सबभन्दा ठूलो र शक्तिशाली हथियार हो । एकतालेनै सामुहिक समस्याको समाधान गर्न शत्रु सँग मुकाबिला र सङ्घर्ष गर्ने साहस

दिन्छ। जसको अभावमा केही गर्न सकिंदैन । सैद्धान्तिक तथा व्यवहारिक रूपबाट यो साबित भै सकेको छ कि समस्त उत्पिड़ित नेपाली जनताको मुख्य दुश्मन सामन्तवाद साम्राज्यबाद र भारतीय विस्तारवाद हो। सामन्तवादी पंचायती व्यवस्थाले यस्को बचावको काम गरेको छ। जसबाट देशका समस्त किसान, मजदूर, बुद्धिजीवी र विद्यार्थीहरूको साझा दुश्मन सामन्तवादी तानाशाही पंचायती व्यवस्था देखापर्न आएको छ ।

यो बीसौं शताब्दी हो । मानिसले विज्ञानको सहायद्वारा अन्धविश्वासलाई हटाई सही र गलत कुराको ठीक–बेठीक परीणामहरू निकालेका छन् । अझै पनि हामीहरूले गलत अन्धविश्वास र सही विचारको अभावमा शोषण अत्याचार र अन्यायबाट मुक्त हुन सकेका छैनौं । जुन साह्रै लाजमर्दो कुरा हो । तसर्थ हामी समस्त नेपालीहरूले यो केवल दुई–चार व्यक्तिको आवाज नसम्झी सम्पूर्ण जनताको आवाज सम्झी नेपाल फर्कौं र सामुहिक हक र अधिकारको निम्ति लड्नु मानवताको मूल कर्त्तव्य र लक्ष्य ठानौं ।

# पुकार सुनिदेऊ !

● तुलसी खापकोटा
शिलाङ–३

युग–युग देखि सामन्ती–झाँतोमा पिसिएर,
आफ्नो र आफ्ना जहानको पेट भर्न नसकेर,
धूर्त सामन्तीले सर्वस्व लुटी नाङ्गो भएर,
विवशतालाई जित्न नसकी;
विदेशीन बाध्यभएका,
हे नेपाली ! मातृभूमिको पुकार सुनिदेऊ ।

विदेशमा आई पसीना बगायौं कूल्ली भएर,
पेटको निम्ति आफूलाई बेच्यौं दरवान बनेर,
नूनको सोझो गर्ने भन्दै रगत बगायौं विवश भएर,
पेटभर खानको निम्ति विदेश आयौं,
स्वदेश भएर पनि विदेशी भएका,
हे नेपाली ! नेपालआमाको पुकार अङ्गाली लेऊँ ।

स्वदेश हाम्रो ठूलो छ, छ हाम्रो हक त्यहाँ,
कर्त्तव्य हाम्रो स्वदेशको रूखो माटोलाई मलिलो पार्नु हो,
हाम्रो हक खोस्नेहरूको, अस्तित्व मेटाउनु हो ,
विश्वमा बहादुर कहलाइएका,
हे बीर नेपाली ! स्वदेशको पुकार सुनिदेऊ ।

—**—



# शत्रुलाई चिन !

● निमाराम पराजुली
शिलाङ (मेघालय)

आज हामीहरू आर्थिक, सामाजिक, राजनीतिक, वैज्ञानिक, नैतिक सबै क्षेत्रबाट एकदमै पछाड़ि परेका छौं । अरू समाजका मानिसले जुन चीजको उपभोग गरिसके हामीहरू भने त्यस वस्तुको कल्पना सम्म गर्न सकेका छैनौं । अरू देशहरूलाई हेर्दा आजको युग विज्ञानको युग हो तर हामी भने उही दास युगमा अल्मलिएका छौं । आजको बीसौं शताब्दीमा पनि हाम्रो अवस्था र व्यवस्था सोह्रौं शताब्दीमा जस्तो छ । सधैं भरी विदेशमा अल्मलिएर हाम्रा कार्य सफल हुन सक्दैनन् । यहाँ बसी नेपालको सपना देख्नु मूर्खता सिवाय केही हुने छैन । हामी विदेशमा बसी कुकुरले झैं दुःख पाएकोमा न त नेपालको सरकारले नै सोंचेको छ न हामीहरूले विचार गरेका छौं । यसरी हामी अल्मलिएर बस्ने हो भने "भिरको चिण्डो उँधो न उँभो" हुने छौं । हाम्रो अवस्था यहाँ पनि बन्न सकेको छैन । नेपालमा पनि केवल सामन्तको बोलबाला छ । जसले गर्दा हाम्रो भविष्य झन अन्धकारमय भएको छ ।

नेपालीहरूले आफ्नो नेपालमा गई हक र अधिकारको माँग गर्नु पर्दछ । आफ्नै देशको रक्षा गर्नु पर्छ । स्वतन्त्रताको लागि सङ्घर्ष गर्नु पर्दछ । हामीहरू यसरी छिंदेको माला झैं विदेशमा आई छरिएर बस्दा, यहाँ पनि कुनै काम हुन सकेन र नेपालमा पनि सामन्ती सरकारले आफ्नो नालायक फाइदा उठाइरहेको छ । के हाम्रो देशमा केही छैन ? के हाम्रो हक नेपालमा छैन ? नेपालको सम्पति विदेशीले र सामन्ती सरकारले एकलौटी बनाएका छन् । हामी भने टहुरा जस्तै विदेशमा आई आसे भतुवा जस्तै भएका छौं । के हामीहरूले आजसम्म भविष्यको बारेमा केही सोंचेका छौं ? यसरी अन्धाकारमा बस्नु हुन्न । हाम्रो नेपालको सर्व सम्पत्तिमा विदेशी र सामन्ती रमाएका छन् । त्यस बारेमा सोंच्नु पर्छ । त्यसै कार्यमा हामी सबै एक जुट भएर सामन्ती सरकार विदेशी एकाधिकार पूँजीपतिहरू सँग सङ्घर्ष गर्नु पर्छ । आफ्नो खोसिएको हक र अधिकारलाई हात गर्न तन, मन र धनले लाग्नु पर्दछ । यहाँ हाम्रो जोश त्यसै बरबाद छ । हाम्रो कृतिको नाम निशाना छैन, के हामी मानिस होइनौं ? यदि मानिस हौं भने किन यसरी जनावर जस्तै जता लखेट्यो उतै जाने, जसले जे गरे पनि वास्तै नगर्ने । आफ्नो अधिकार र कर्तव्यको ख्याल नगरी जता पायो उतै जान्छौं । जहाँ पायो उतै बस्छौं । यस्तो व्यवहार त केवल जानवरले मात्र गर्छ न कि मानव जातिले । यदि हामी मानव हौं र मानव जस्तै बाच्नु छ भने यसप्रकारको उड़न्ते विचारलाई छाड़ी

अधिकार र कर्त्तव्यको ख्याल राख्नु पर्छ । तब मात्र हाम्रो भविष्यमा केही परिवर्तन आउने छ । हाम्रा भावी सन्तानले बास बस्ने सही टुक्रो पाउने छन् । हाम्रो बस्ने ठाउँ पनि केही रमाईलो हुने छ ! सङ्घर्ष गर्न डराई लुते कुकुर जस्तै डराएर बस्छौं भने हाम्रो भविष्य झन पछि झन ठूलो खाडलमा पर्ने छ । तसर्थ हामीहरू सङ्घर्ष गर्न डराउनु हुँदैन । हाम्रो भविष्य सुधार्न हामी आफै लाग्नुपर्छ । अब अर्काको भर पर्ने समय छैन । विदेशी फौजमा लड्ने सबै नेपाली जवानहरू पनि केवल एक थाल खानुको लागि मात्र अर्काको शत्रु मार्न तर्फ लाग्ने होइन । अब आफ्नै देशमा गएर आफ्नै शत्रु मार्नु पर्छ । तब मात्र हाम्रो र हाम्रा भावी सन्ततीहरूको जीवन उज्ज्वल भएर जाने छ ।

अब हामीहरू अरू देशका जनताहरूलाई पनि हेर्नु पर्छ । आज जता–तर्तै शोषण र अत्याचारको बिरुद्धमा सङ्घर्ष भइरहेको छ । उनीहरूले धेरै विकास गरिसके । अरू देशका जनताले चन्द्रलोक, मङ्गललोकको यात्रा सिध्याई सके भने हामी अझै पनि अधिकारको निम्ति सङ्घर्ष गर्न डराएर लुते कुकुर जस्तै भागेर विदेशमा पस्छौं । विदेशको गुलाम बन्न । आफ्ना शत्रुसँग डराएर भागेका हामी एक पेटको निम्ति अर्काको शत्रु मार्न ज्यानको बाजी लगाएका छौं । अब यस प्रकारको गलत बिचारलाई छाड़ी हामी आफ्नै शत्रुसँग सङ्घर्ष गरी आफ्नो अधिकारको सुरक्षा गर्नु पर्छ ।

## प्रतिज्ञा

गिरि बहादुर 'शारू'
शिलाङ

आफ्नी आमाको मीठो स्नेह
आफ्नै भूमिको सजिलो काख
आफ्नै परिश्रमले उब्जाएको
त्यो मीठो मकैको रोटी
किन हामीले चटक्कै भुल्यौं ?
उकुस–मुकुस लाग्ने गल्लीहरूमा
घीनलाग्दो र वान्त आउने ठाउँमा
दिनरात दासत्वको बन्धनमा परी
अरूले छोड़ेको गासलाई
किन हामीले मीठो मान्यौं ?

अत्याचारमा गुम्सिएका हामी
आफ्नो अधिकार गुमाएका हामी
सधैं अन्धकारमा डुबेर
जिउँदै मरेका भएर
किन बाँची रहेका छौं ?
एक पटक आँखा उघारौं
बन्धक राखिसकेको नेपाललाई
तानाशाहीको बन्धनबाट
विदेशी दलालहरूको हातबाट
मुक्त गराउने प्रतिज्ञा गरौं ।



1972

## संघर्षको बाटो

भिमराज परेखरेल
शिलाङ

1972

धोबीले कपड़ा धोए जस्तै नेपालका सम्पूर्ण गरीबका छोराहरू धनीवर्गले चुसेर नेपालबाट निराश भई भारतमा मलिन अनुहार लगाई कलिला १०–१५ बर्षे केटाहरू रोजी रोटीको खोजमा आउनु परेको छ । भारतका प्रायः सबै ठाउँमा नोकरीको खोजीमा निराश भई हिड्नु परेको छ । नेपालीका छोराले मामुली चौकीदार, पीउनको काम पनि नपाएर होटलमा भाड़ा माझ्ने, घरमा भात पकाउने र आईमाईका साड़ी धोएर हात कुवाउनु परेको छ । १५–२० रुपियाँमा काम गरी पान बिड़ी सम्म नखाएर बल्ल–बल्ल गाड़ी भारा बनाएर ४–५ बर्ष पछि घर जानु पर्छ कि भनेर घरमा जाँदा बढ़ा आमा-बाबुलाई एकजोड़ा मामुली कपड़ा किनेर लैजाँदा नेपालको सीमानामा सरकारी कर्मचारीहरूले नराम्रो सँग चुस्ने कार्य गरेका छन् । भारतमा किनेका जुन सुकै चीजको पनि परेको दाम भन्दा धेरै भन्सार तिर्नु पर्छ । यसरी कुनै हालतमा घरमा पुगे पछि, यसो... घरको व्यवहार हेर्दा घरको छानो फाटेर पानी चुहिरहने, एक-दुई गाई, भैंसी र बाख्रा भएका पनि बाहिरनै बाधिएका । बारीतिर गई यसो– हेर्दा पाटाका कुना-कानी सबै बाँझिदै गएका । पाटाका माझा माझीमा किचरीक्क ढुङ्गा । यस्तो के गर्नु ? बूढ़ा आमा बाबुले के गर्न सकुन ? भनी व्यवहार देख्दा–देख्दै निराश भई आफ्नो मुटु भिज्न लागेको बेलामा दुष्ट शोषक आएर भन्छ.—"ओ हो लाहुरे पो आएछ ! कति पैसा लिएर आइस त ? एउटा कोट सम्म त मलाई दिन्छस कि ?" पैसाको कुरा त तँलाई नै थाहा होला । तैंले नै २००/- रुपिया गाड़ीभारा लगेको थिईस् । जसको साँवा, ब्याज जम्मा ५००/- भएको छ. अहिले नै दे मलाई बेर छ । म जान्छु । लाहुरेले निकै मन दुखाएर भन्दछ— "तपाईं कस्तो मानिस हुनु हुन्छ ? सञ्चो, बिसञ्चो के कस्तो छ सोध पुछ छैन तपाई त खाली पैसाको कुरो मात्र । के म भन्दा पैसा ठूलो सम्झनु हुन्छ ? पैसा अहिले म सँग छैन । दिउँला, दिउँला नै भनेर ल्याएको पैसा । यो भैंसी ब्याऊँछ बिक्री गरी तपाईको पैसा लैजानु होला । साहूले भन्छ— "कस्तो मानिस ५ बर्षमा पनि ५००/- रुपिया ल्याउन सक्दैनथिस भने किन गएको ? मैले मान्दिन मलाई यो महिना भित्रैमा पैसा चाहिन्छ । होइन भने तलको खेत मलाई दिनु पर्छ ।" यस प्रकारको शोषकी अत्याचारमा हामी नौजवान जिउँदै बाघ समात्न सक्ने जस्ता भएर पनि किन विदेश पस्ने ? किन चूप लागेर बस्ने ? हामीलाई आज देखि थिचेका होईनन् । युग-युगान्तरदेखि थिच्दै आएका हुन । अब हामी यस्ता शोषकका अत्याचारले डराउँदैनौं । थिचिएका हामी ९५ प्रतिसत एक भइ लड्नु पर्छ । हामी विदेशमा बसेर १५–२० रुपिया को काममा आफ्नो अमूल्य जीवन बेकार नफालौं । आफ्नै देशमा गई शोषक, फटाहा,

घुसखोर र अत्याचारीलाई खतम गर्नु हामी नवयुवकको मुख्य कर्त्तव्य हो । तब मात्र सुख शान्ति मिल्ने छ ।

हामीहरूलाई "तिमीहरूको भाग्यमा यस्तै गरीब हुन लेखेको" भन्दछन् । तर खोई । कस्को कहाँ लेखेको छ ? लेखेको होईन, शोषक फटाहाहरूले हाम्रा आँखामा धूलो हालेको हो अब हामीले पनि बुझ्न पर्छ । हामी जहाँबाट आयौं तिनीहरू पनि उहीँबाट आए । हामीलाई भ्रममा पार्नको निम्ति "लिएर आउनु पर्छ रे । धर्म गर्नु पर्छ रे ।" केले धर्म गर्ने ? आफूलाई खानु छैन, कहाँबाट लिएर आउने ? हामीलाई आफ्नो जालमा फसाउन नभए नभएका जाल रचेर गुरु बन्न आउँछन । हामीसँग धर्मको र पापको कुरा गर्न विश्वासी धर्मात्मा पण्डित बनेर "बिरालाले सिध्राको माला लगाएर" साधु बने झैं गरीबलाई झुठ्ठा अतिदिन आउँछन् । आफूले भने गरीबको रगत चुसेर बाघले झैं भुँडी पल्टाएर बस्न पाप न लाग्ने । अब हामी तिनीहरूको अति माथि विश्वास गर्न हुँदैन । अब तिनीहरूलै हामीहरूसँग सिक्न आउनु पर्छ । अब हाम्रो रगत र पसीना चुसी मोटाएको भुँडी फुटाउनु पर्छ । अब हामीलाई तिनीहरूको ईन्द्रजाल (स्वर्ग र नर्क) चाहिएको छैन । हामीलाई धेरै किसिमको वर्ग चाहिएको छैन एकै किसिमको वर्ग बनाउनु पर्छ । सम्पूर्ण गरीब जनताको सहयोग चाहिएको छ । ठूला-ठूला जमिन्दार जसले फकाएर, छलेर धम्किदिएर अक्करमा पारेर खाएका शोषक अत्याचारीलाई ध्वङ्स पार्नु परेको छ ।

सत्यको खोजमा धेरै हिँडिसक्यौं झूठो अन्धविश्वासमा अब हामी छैनौं । नभएको चीजलाई छ भनेर विश्वास गर्दैनौं । हामी आफ्नो आँखाको बादल फार्ने सत्य खोज्दछौं । अहिलेका नवयुवकलाई नयाँ बाटोको आवश्यकता छ । अन्धविश्वासको अँध्यारोमा गुम्सीयर समयलाई बर्बाद गर्नु छैन । सामन्तरुपी जाल फाड्ने सहि बाटो खोज्नु पर्छ जसले गर्दा शोषण फायदा घुसखोरीले जीवन पाल्ने गरेका शोषकहरूको साम्ने आफ्नो देशलाई चाड़ै नै उज्जवल पारेर छाड़नेछौं ।

नेपाल देशमा आज सम्म मामुली नून, मट्टीतेलको पनि खानी छैन अरू कल कारखानाको शुरू नैं भएको छैन । जनताले कसरी निर्वाह गर्न सक्ने ? हामी अरू राष्ट्रले दिएको चीजबाट कति दिन टिक्न सक्छौं । मनुष्य जन्म लिए पछि सोंचेर काम गर्नु पर्छ । कुनै समयमा अरू राष्ट्र सँग युद्ध हुन सक्छ त्यस समयमा नेपालका जनता नखाई नलगाई कसरी निर्वाह गर्न सक्छन् । यो धेरै दुःखको कुरा छ । भारत सरकार र नेपाल सरकारको पनि सँधैंभरी मित्रता रहन सक्दैन । भारत नेपालका बिच अहिले यसकारण मित्रता छ कि भारतीय व्यापारीहरूले नेपालको प्रशस्त शोषण गर्न पाएका छन् र नेपाली नौजवानले भारतको अरू राष्ट्र सँग लड़ाई पर्दा खसालेको गोलालाई



छातीमा समाइदिन्छन् । जसले गर्दा युवकहरूलाई बहादुर नाम दिइ भुलाउन र अरू जनतालाई पनि बस्न पाउँदैनौ भन्न सकेको छैन । तर भारतीय व्यापारीहरूले नेपालमा गर्दै शोषण गर्नमा बाधा परे पछि र नेपाली नौजवानले भारतको लागि ज्यानको बाजी लगाएर लड़ाईमा अघि बढ्न छोड्ना साथ अरू जनतामाथि पनि नराम्रो व्यवहार गर्न थाल्नेछ । त्यसताका हाम्रो पञ्जामा परेर अएका लाटा सिधा युवकहरू कुनै कुरा नसोची लड़ाईमा अघि बढ्दछन् । लड़ाईमा अघि सरेरकाम गर्ने नेपाली युवकहरू छन् भने बिल्ला लगाउने बेला अरू जातिकै पालो आउँछ । यस प्रकार नेपालीहरू र नेपाल बाट भारत सरकारले निकै फाईदा उठाउन पाएको छ र मात्र नेपालीहरू भारतमा बसो बास गर्न पाएका छन् । अब यसप्रकारको बसाईले हाम्रो समस्या पुरा हुँदैन । त्यसर्थ सबै जनताहरूले आफ्नै देशमा बस्ने ठाउँ बनाउन क्रान्तिको सहि बाटो अपनाउनु पर्छ ।

## एक गीत

● नर बहादुर क्षत्री
शिलाङ

बढ़ौं अघि कम्मर कसेर, किसानलाई साथमा लिएर
बस्नु पर्‍यो विदेशमा गुलाम बनेर
डोको बोकी गैंटि बेल्चा कोदालो खनेर
बस्ने ठाउँ पाईएन जन्मिएको ठाउँमा,
बाटो केही नपाएर आयौं विदेशमा । बढ़ौं अघि .....

मिची-मारी खाइसकें गरीबको मासु
हृदयमा चोट पर्दा झारी दियौं आँसु
रूवाएर खोसिदिए सबै घर-बारी
घाउ छैंन चोट छैंन मन कर-करी । बढ़ौं अघि......
नौलो जोश हराई सक्यो विदेशमा बसो
लड़ेका छौं रात दिन आधा पेट खाई
आफ्नो ईज्जत हामीहरू आफैं फालेका छौं
सङ्घर्षमा डराएर विदेश लागेका छौं । बढ़ौं अघि......
जती हामी आएका छौं घर-बार छाड़ेर
छिटो सबै जानु पर्छ एक जुट भएर
बस्नु हुन्न विदेशमा अब यस्तो जानी
प्रजातन्त्र ल्याउनु पर्छ नेपालमा पनि । बढ़ौं अघि......
यस्तो आपद आज हामी भोग्नु पर्‍यो किन ?
काँधमा बन्दुक साथमा गोली भिरी सबै हिंड़
तब मात्र पाइनेछ अधिकारको दिन
यती पनि नगरेर त्यसै बस्ने किन ? बढ़ौं अघि......

# नयाँ समाजको आवश्यकता

● बम बहादुर घर्ती क्षत्री
शिलाङ

विश्वमा सल्केको क्रान्तिकारी परिवर्तनको लहरले कैयौं पूँजीवादी देशहरू भित्र सामाजिक राजनीतिक उथल-पुथल दिन प्रतिदिन ल्याँउदै छ। पूँजीवादी देशहरू भित्र पनि गरीब किसान र मजदूरवर्गको आफ्नो स्वार्थ र लक्ष-लाई चिनेर अघि बढ्ने क्रान्तिकारी बलियो सङ्गठनहरू बन्न थालेका छन्। यसरी एकातिर पूँजीवादी देशभित्रको क्रान्तिकारी उथल-पुथल र अर्कोतिर समाजवादी देशहरूबाट चलेको क्रान्तिकारी आँधी विश्वका शोषकवर्गको सत्ता र सामाजिक परिपाटी माथि भयानक रूपले बज्रन आँटेको छ। जुन आँधीले पूँजीपति र सामन्तीहरूका साहित्यिक, सांस्कृतिक, धार्मिक जन्जालहरूलाई उड़ाएर वास्तविक तथ्यको पत्ता लगाउन ठूलो आड़ दिएको छ। यसरी सर्वदेशमा यो आँधी पछि सुनौला बिहानको आशा विश्वका गरीब जनतामा पलाएको छ।

हाम्रो देश नेपालमा पनि यस लहरले प्रभाव नपारेको होइन। परन्तु सत्रौं शताब्दी बाट बीसौं शताब्दीको आखिरीमा पुग्नलाई नेपाली जनतालाई केही वर्ष पछि पर्नु पर्‍यो तर १०-१५ वर्ष पहिलेको तुलनामा आजको नेपाल राजनीतिक जागरणले निकै अगाड़ि बढ़ेको छ। एकमात्र दुःखको कुरा के देखा परेको— छ भने नेपालका सम्पूर्ण राजनीतिक चेतना भएका मानिसहरू सुसङ्गठित हुन सकेका छैनन् र विशाल जनसमुदायको स्वार्थलाई हेरी सङ्घर्ष-लाई अघि बढ़ाउन सकेका छैनन्। धेरै नेतृत्व दिने व्यक्तिहरूको स्वार्थसिद्धि भावना हुनुको कारण सामन्ती व्यवस्थाको विरोधमा उठेका सङ्घर्ष-हरूले ठूलो मारखानु परेको छ। तर जनतान्त्रिक व्यवस्था प्रिय युवक-युवती-हरूले उपरोक्त कमजोरीहरूलाई ध्यानमा राख्दै तानाशाही व्यवस्था विरोधमा उठेको क्रान्तिलाई सक्दो रूपमा सहीरूप दिएर आफ्नो अटुट साथ दिनेर सही नेतृत्वको अभावलाई पूर्तिगर्ने सक्दो कोशिष गरेका छन्। जसले गर्दा नेपालका गरीब जनताको आवश्यकता र इच्छा अनुसार नयाँ समाजको निर्माण हुने विश्वास गर्न सकिन्छ।

यस्तो आशा र विश्वास बढ़ेको अवस्थामा जब कि नेपालभित्र देशव्यापी जनक्रान्तिले ठाँउ ओगटन थालेको छ। जसले दिन प्रतिदिन साम्राज्यवादी देशका शोषकका ठेकादारहरूका र सामन्ती शोषकहरूका डम्फा जस्ता भएका भूँड़ी फुटाउन जनताहरू अगाड़ि बढ़ेका छन् भने विदेशमा रहेका नेपाली नागरिक धेरैजसो युवक र



युवतीहरू नेपालको जनक्रान्ति बारे वास्तविक रूपमा परिचित हुन नपाई भ्रममा परिरहेका छन्। उनीहरूको आँखामा अझै पनि पर्दा लागेको छ। अझै विदेशमा बसी ''डिग्री होल्डर'' केही युवकहरू पुनः नेपालमा गई थिचो-मिचो भएको शोषित वर्ग माथि पहिले-पहिलेका सामन्ती जाली फटाहाहरूले झैं उच्च पदाधिकारीको धाकमा आफू मालिक र गरीब जनताहरूलाई दास बनाउने उड़न्ते कल्पना गर्दैछन्। तर यस्ता विचारधाराहरू कहिल्यै पनि सफल हुन सक्ने छैनन्। यो कुरा सपनामा पनि नसोंचे हुन्न। न त त्यस्ता 'डिग्री'-ले काम दिन्छ न त त्यस्तो बिचारधाराले। गलत अन्धविश्वासमा विश्वास पारेर आँखामा छारो हाल्दै गरीब जनतालाई अन्धकारको खाडीमा फँसाले प्रयास गर्नु निरर्थक सिद्ध हुने छ। बरू यस्ता बिचारधाराले जनता-माथि पुग्ने बाधा नपुर्याई आफूलाईनै अन्धकारको खाडलमा पार्ने छ। यसकारण देश र विदेशका सबै युवकहरूले डिग्रीले दिएको कालो पर्दालाई च्याती नेपालमा नयाँ समाजको निर्माण गर्नु नै मुख्य कर्त्तव्य हुन आएको छ।

देश सबैको साझा हो। त्यहाँ बाँच्ने अधिकार सबैलाई बराबर हुनु पर्छ सबैलाई खानु लगाउनु बराबर चाहिन्छ। जति चीजको आवश्यकता धनीलाई पर्दछ उतिनै चीजको आवश्यकता गरीबलाई पनि पर्दछ। तर सामन्ती तथा पूँजीवादी समाजले त्यस तर्फ नसोचेर मानिसको कर्त्तव्य के हो त्यसमाथि लात लगाएर अधिकारलाई मात्र अङ्गालेर मानिसलाई पशु भन्दा पनि तल्लो तहमा राखेको छ। समाजको यस्तो कुकार्यले गर्दा कैयौं युवतीहरूलाई वेश्या बन्न बाध्य गराएको छ भने युवकहरूलाई नोकर र गुण्डा बनाएको छ। अर्कोतर्फ गरीब किसान मजदूरले चौबीसै घण्टा पसीनाका धारा बगाउँदा पनि उनलाई आटो र सिन्की नमिल्ने उता पूँजीपति र सामन्तीहरूलाई बसी-बसी दूध भात पनि मीठो नहुनु यो परिवर्तनशील संसारमा कहाँ सम्मको अत्याचार हो। यसकारण गरीबहरूको निम्ति आज देश वा विदेशमा जिउने बाटो छैन भने नेपालकै धनी-सामन्ती पूँजीपति र राजपरिवारमा एक व्यक्तिको लागि करोड़ौं रुपियाँ खर्च गरिन्छ। यसर्थ हामी विदेशमा बसेका सबै नेपालीहरू जसलाई सामन्तीहरूको पञ्जामा परेर आफ्नो मातृभूमि छँदा छदै पनि विदेशीको कमारो बन्नु परेको छ। ती शोषकहरूको लाठीलाई तोड़न आफ्नो देशमा गई लड़ेर भिड़ेर नयाँ परिवर्तन ल्याउनु हामी सबैको मुख्य कर्त्तव्य हो। जब सम्म यो सामन्ती समाज रहने छ तब सम्म गरीबहरूका समस्यामा झन आगो सल्कने छ। तसर्थ हामी सबै देशभित्रका र बाहिरका गरीब किसान मजदूरहरूले नेपालमा गई एकजुट भएर कार्यमा लाग्यौं भने अन्यायी, अत्याचारी समाजको लाठी अवश्य टुटी नयाँ समाजको आवश्यकता पूर्ति हुनेछ।

—*—

# भाग्य निर्माता

• दिल साहनी,
नङ्थ्मुमाई, शिलाङ ।

यहाँ मच्चिएर आँधी र तूफान आउँदछ
ठूला ठूला महल भत्काउन होइन
स–साना छाप्राहरू उड़ाउन

यहाँ भयंकर बज्र पर्दछ
पेटुवाहरूको भूँड़ीमा प्रहार गर्न होइन
दाब्सिएका मान्छेहरूको मुटु फोर्न

यहाँ उर्लेर बाढ़ी आउँदछ
कालाबज़ारीहरूको कोठा उदाङ्ग पार्न होइन
श्रमजीवीहरूको बस्तीनै बगाइदिन

यहाँ साँढ़ेहरूले जुन पासा पल्टाउँछन्
सत्र नै परिदिन्छ
दिनभरि
काँधमा खाला हाली हाली
खेत जोतेर फर्केका गोरू
बेलुकी
एक ताम्द्रा घाँसका निम्ति तड़पिन्छन्

यहाँ सरकार गठित हुँदछ
भोका र नाङ्गाहरूको आवाज सुन्न होइन
अर्काको रगत र पसीना चुसिरहेका
[illegible]रजीवीहरूलाई बचाउन
यहाँ कानून बन्दछ
अन्यायमा परिरहेकाहरूको
सही इन्साफ गर्न होइन
अत्याचारीलाई अभियोगबाट जोगाउन

यहाँ कैयौं बगुला भगत नेताहरू
आफ्नो दूनो सोझो गराउन
लाटासुधा जनताहरूको आँखामा पर्दालगाउँदै
रातारात
समाजवादीको नकली भेष धारण गरेर
गरीबी हटाउने नारा लगाउन थाल्छन्
र अन्त्यमा
माछो भन्दा भन्दै भ्यागुतो देखाउँछन्
हो जालारीहरूको जालमा परेर
यहाँ हामी कदापि बाँच्न सक्दैनौं

साधु बिरालोको पछि लागेर
हामी कदापि सही ठाउँमा पुग्न सक्दैनौं
हामीहरूले बुझ्नु परेको छ

बाघलाई खोरबाट निकालीदिनु
आफूले नै आफ्नो खुट्टामा बञ्चरो हान्नु हो

हो— स्यालको फुस्ल्याईमा परेर
हामी काग भई
मुखको रोटी गुमाउन भएको छैन

अब यहाँ हामीले नै
आफ्नो हातमा डाड़ू पनियो ल्याउनु परेको छ
अब यहाँ हामी नै
आफ्नो भाग्य निर्माता बन्नु परेको छ ।



# चेतना खुले पछि

• दुर्गा प्रसाद शर्मा,
शिलाङ

रात भरि पानी पर्छ । पर्को दिन आकाश छ्याङ्ङ खुलेको हुन्छ । घाम [illegible]–पर्खाल भरि पोखिएको हुन्छ । करबीरेको घरको झ्यालका प्वाल प्वालबाट घाम सिमा–सिमा परेर छिरेको छ— उज्यालो र अँध्यारोको मेलबाट बन्न गएको नक्शा अगेनु सम्म बिछिएको छ । अगेनुको वरि–परि खरानी छरिएको छ । डिलमा करबीरे मौन बसिरहे छ । तर, मौन भन्न पनि सकिन्न किन भने उसको मन चाहि मौन अवश्य छैन । अनुहारमा कोरिएका विकृत रेखाहरूबाट थाहा लाग्छ हो न हो उसलाई घोर चिन्ता छ बाँतमा बुङ्गो लागेको छ । उसके छोरा– टुल्केलाई हेर्दा हेर्दै उ घोरिइरहेको छ । टुल्के टीठलाग्दो छ उसकोकर्म पनि करबीरेले खोटो देख्छ— भविष्यले उसलाई लामा–लामा दाह्रा तेर्स्याएर तर्साइदिन्छ ।

करबीरेले जीवन भरि परिश्रम कै भरमा बिहान बेलुका आफ्नो परिवारको पेटमा गुदो भराएको छ । आरामको प्रतिक्षा उसले कहिल्यै गरेन न ता गर्न नै पायो— कस्तो अस्त-व्यस्त जीवनको भोग गर्दछ उ ? तर, यस्तो व्यस्त रहेर पनि घरमा जहानको लागि भोलिको समस्या जस्ताको तस्तै छ । तब कसरी भन्ने कि उसले सोच्चै नै परिश्रम गरेर जीवन भोग गरेको छ ? करबीरे आज सम्म छक्किएकै रहेछ, उसलाई यस्तै लाग्छ । उसको बिचार शृंखला साहूको जीवन अगाड़ि गएर ठभिन्छ । साहूको घरमा खेती–पाती गर्नमा करबीरे कै भरमा आजसम्म चलेर आयो । साहूको घरमा आज भन्दा भोलि, भोलि भन्दा पसि व्यवस्था राम्रो हुँदै जादैछ— साहुका पाँचै औंला घिउमा डुबेका छन् । तर, करबीरे नाङ्गिदै छ, टाक्सिँदै छ । उसले सम्झन्छ साहूका छोराछोरीहरू पाठशालामा पढ़न जान्छन् भने उसका छोरा छोरी गोठालो बन्न परेको छ । उ बाँचेको के सार भो यदि उसकै अगाड़ि उसका छोरा छोरी टहुरा–टहुरी झैं हुन्छन् भने । करबीरे भावनाको महासागरमा डुब्छ– उसलाई लाग्छ हरिश्चन्द्रले आफ्नो सर्वस्व दान गरेर विश्वामित्रलाई राजा बनाए जस्तो उसले पनि सर्वस्व दान गर्‍यो । तर उसको निसाफ ? उ अन्योलमा पर्छ ।

करबीरेको विचार टुट्छ । उसले सुन्छ बाहिर कसैले उसलाई बोलाइरहेको हुन्छ "करबीरे ! ओ करबीरे ! !" उ जुरुक्क उठेर बाहिर जान्छ । साहूको मान्छे उसलाई

खबर दिन आएको रहेछ "साहुको हुकुम छ आज जोत्न जानु पर्छ 'रे ।" करवीरेलाई आज रीश उठ्छ । उसले मनमा सोंच्छ "साहूको हुनो समात्दा समात्दै जीवन बेकाम भो, अब गर्दिन साहूको चाकरी । छोराछोरीलाई पनि यस ईन्द्रजालमा पर्न दिन्न ।" यस्तै सोंचिरहेको हुन्छ बाहिर उभिएर । फेरी त्यस मान्छेले भनेर जान्छ- "फरक नपरोस । " उ जान्छ । करवीरेले 'हुन्छ', 'हुन्न' केही निधो दिएन । टोलाइरह्यो । उसलाई के गरूँ के नगरूँ भयो ।


एकछिन पछि भित्र पसेर स्वास्नीसँग एक कटौरा जाँड़ माग्छ। जाँड़ खाएर उ घरबाट निस्किन्छ । सोझै उ साहूकोमा पुग्छ –नशाले उसलाई आक्रान्त पारिसकेको हुन्छ । आज उ साहूसित बाज्न गएको छ । जीवन भरि गुम्साइराखेको विद्रोहाग्नि आज लप्लपाउँदै निस्किन्छ । साहूलाई भनिदिन्छ "म जोत्दिन । जे गर्नु गरें, अब सहन सक्दिन । जति गरे पनि मेरा छोराछोरी नाङ्गै छन्, भोकै छन्— कसले टीठ गर्‍यो खै ? गरीबको निसाफ हुन्छ भने दुःख गरे बमोजिम ज्याला पनि सुहाउँदो मिल्नु पर्छ ।"

साहू बम्किन्छन् "करवीरेको औकात ! मेरै मानु खाएर मेरै छानु उक्काउन आउने । भन काम गर्छस् कि गर्दैनस् ? न भा मेरो थैलो अहिल्यै भरिदे ।"

"करबीरे गरीब छ हो, तर कसैको मानु खाएको छैन । आफ्नै पसीनाले आर्जन गरेर खाएको छ । रगत चुसेर होइन, चुसाएर बाँचेको छ । खाएको धन तिरिसकें, अब सयमा शून्य थपेर हजार लिने जाली फटाहाको धन ज्यानै गए पनि तिर्दिन" भन्दै करबीरे धङधङाउँदै घरतिर फर्क्यो ।

साहू रीसले मुर्मुरियो । उसको मनमा चीसो पसिसकेको थियो, किन भने करबीरेले जे बक्यो सो झूटो हुनसक्दैन तर त्यसको समर्थन गर्दा आफ्नै धोक्रो निमोठिने उसलाई शंका लाग्यो त्यसैले करबीरेलाई उम्कन नदिन मान्छे पठायो । तर, करबीरे फर्केन । उ गइसकेको थियो चेतनाको गोरेटोबाट । उसको मस्तिष्कमा उज्यालो छिरिसकेको थियो, त्यसैले उ आत्म निर्भर भएर गयो संघर्ष गरेर बाँच्न ।

—





# जनसाहित्य र साहित्यकार

टङ्क प्रसाद पोखरेल,
शिलाङ, मेघालय ।

वर्गीय समाजमा प्रत्येक विचारको वर्गीय स्वरूप हुन्छ । प्रत्येक मानिस एक न एक वर्ग भित्र जानेर होस् वा नजानेर वर्गीय चरित्रको दृष्टिकोणले परिहालेकै हुन्छ । हाम्रो नेपाली साहित्यमा पनि आज–भोलि विभिन्न थरीको साहित्य देखापर्न थालेको छ । रूढ़ीवादी सामन्ती साहित्य, पूँजीवादी नकच्चरो साहित्य, जनवादी प्रगतिशील साहित्य । जसरी वर्गीय बिचार मिल्दैन त्यसैगरी वर्गीय स्वार्थ मिल्दैन । वर्गीय स्वार्थले बाँधेको वर्गीय विचारको व्यवहार पनि मिल्दैन । यी तीनै किसिमका साहित्यले आ–आफ्नो वर्गलाई प्रतिनिधित्व गर्दै वर्गीय स्वार्थलाई ध्यानमा राखी साहित्यको विकास गर्दछ । तर सामन्ती र पूँजीवादी साहित्य विशाल जनसमुदायलाई छाड़ी समाजको ५/७ प्रतिशत लुटाहा शोषकवर्गको निम्ति लेखिन्छ भने जनवादी साहित्य ६० प्रतिसत शोषित काजु जनताको हित र स्वार्थलाई लिएर । यसर्थ प्रत्येक साहित्यले आ-आफ्नो बर्गीय दृष्टिकोण, वर्गीय स्वार्थ र वर्गीय उद्देश्यलाई पूरा गर्न आ-आफ्नो भूमिका निभाउँछ ।

सामन्ती र पूँजीपतिवर्गले समाजमा केवल आर्थिक, सामाजिक र राजनीतिक व्यवस्थाको माध्यमबाट मात्र शोषण नगरी साहित्यिक र सांस्कृतिक रूपले पनि निर्मम रूपले शोषण गरेको छ । साधारण जनतालाई आफ्नो वर्गीय हितको प्रतिकूल लेखिएको साहित्य पढ़नु पर्दछ । जुन साहित्यले उनीहरूमा सङ्गठनात्मक शक्ति ल्याउन नदिएर क्रान्तिकारी बललाई दुबलो पातलो बनाउँदै लैजान्छ । आपसी फूट र मतभेदलाई बढ़ाउदै लगेर आखिर सामन्ती वा पूँजीपतिको दासत्व–लाई खपाउने जस्तो अस्वस्थ वातावरण फैलाउछ । यसरी श्रमीक जनताहरू राजनीतिक रूपले शासित, आर्थिक रूपले शोषित कला साहित्य र साँस्कृतिक रूपले पराश्रित, अवहेलित र घृणित हुनु परेको छ । तर कतै प्रगतिशील हुँ भन्नेहरूले पनि बुझ्न नसकेर हो वा बुझ पचाएर हो साहित्य सबै वर्गको लागि लेखिन्छ भन्दै सुहाउँदो न पत्ताउँदो कुरा गरी सही कुरालाई बङ्गाएर श्रमीक जनतालाई उनीहरूको साहित्य र सँस्कृतिको उन्नतिमा बाधा दिन्छन् र सामन्ती, पूँजीवादी साहित्यमा मुछ्न चाहन्छन् ।

हामीले श्रमीक जनताको जसरी आर्थिक सामाजिक र राजनीतिक स्वार्थलाई फरक दृष्टिकोणले हेर्दछौं । उसैगरी साहित्य र संस्कृतिलाई पनि हेर्नु पर्दछ । किनभने

जनवादीहरूले जनतालाई बुझ्ने र हेर्ने सही दृष्टिकोण बनाए पछि ९० प्रतिसत भन्दा बढ़ी जनसमुदायको लागि राजनीतिक र आर्थिक रूपबाट शासित र शोषितवर्गलाई पूर्णतया मुक्त गर्न जसरी क्रान्तिकारी बाटो छोप्दछन् । त्यसरी नै सामन्ती रूढ़ीवादी र पूँजीवादी साहित्यमा रोमलेर अवहेलित र घृणितरूपमा रहन दिदैनन् । बरू प्रगतिशील क्रान्तिकारी जनसाहित्यको विकास गरी थोत्रा–मोत्रा अप्रगतिशील साहित्यको नास गर्दै बढ़ारीदिन्छन् । जनवादी साहित्यको विचार स्वार्थ, लक्ष र हिड़ने बाटो अलगै हुन्छ र हुनुपर्दछ।

यदि कुनै साहित्यले वर्गीय दृष्टिकोणलाई मान्दैन, आर्थिक असमानतालाई देवताको वरदान र राजनीतिक शोषणलाई कायमगर्ने सामन्तीका प्रतिनिधि भरौटेहरूलाई भगवान्ले पठाएका दूत भनी आफ्नो कमारो बनाउने साहित्य र सँस्कृतिलाई शास्त्र, धर्म, पुराण, गीता बनाएर स्वर्गजाने बाटो आदिको रूपमा भ्रम र त्रास दिन्छ । आफ्नो स्वार्थानुकुल यस प्रकारको सामन्ती साहित्यको प्रचार सामन्ती सत्ता रहेको देशमा निकै बढ़ी मात्रामा हुन्छ र त्यो निसन्देह सामन्ती साहित्यकै रूप हो ।

पूँजीवादी साहित्यले हाम्रो समाजमा विभिन्न थरीको रूपलिएर प्रवेश गरेको छ । कतै साहित्य साहित्यको लागि भन्ने अव्यवहारिक तर्क पेश गर्दछ र छायाँवादी संकेतवादी साहित्यको नचाहिदो श्रृजना भएको छ त कतै प्रगतिशील साहित्यको नामकरण गरी जनजीवनमा देखापर्ने केही समस्यालाई लिएर दया र उदारतावादी साहित्यको विकास गर्दै शोषक समाजलाई धनी, दानी र धर्मात्माको रूपमा देखाएर समाजमा रहेको गरीबी प्रति हाँसो उड़ाएको छ । साथै सच्चा मानवप्रेमलाई वहिष्कार गरी प्रेमको बहानामा संकीर्णवादी साहित्यको प्रचार–प्रसार गर्दै काम–वासनापूर्ण मामिलामा मात्र बल्झाउन खोजेको छ । जुन साहित्यले वर्तमान समाजलाई प्रभावपूर्ण ढंगले घेरेको छ ।

यो सबै सामन्ती र पूँजीवादी साहित्यले अपनाउँदै आएका वर्तमान समाजमा देखापरेका साहित्य सम्बन्धी रूप हुन् । यसरी सामन्ती साहित्यले अझै पनि हामीलाई वर्गीय दृष्टिकोणदेखि अलग्याएर अन्धविश्वास देवी देवताको भ्रम दिएर घेर्न चाहन्छ भने पूँजीवादी साहित्यले संकेतवादी, छायाँवादी आदिको रूपमा अनावश्यक समस्या उत्पन्न गर्दछ । विशाल ९० प्रतिसत भन्दा बढ़ी गरीबीले ढाकेको समाजलाई समाधानको बाटो दया उदारता बताउँछ । जुन कहिल्यै पनि यस आधारमा समाधान हुन सक्दैन । आफनाई धुन बाझाको त्याग गरेझैं गरी केही फायदा दिएर अनुयायी कमारो बनाउन चाहन्छ । काम–वासनापूर्ण दूषित र उत्ताउलो वातावरण फैलाई युवक र युवती-



हरूलाई कुराहरूको निर्देशन दिएर आफ्ना प्राथमीक समस्यालाई समाधान गर्नुको सट्टा उनीहरूलाई लक्ष र उद्देश्यबाट विमुख गराई उल्टो कार्य दिशा बताइदिएर साँगुरो, पुँजि वैराग्य भनी क्रान्तिकारी जोश र सङ्घर्षशील भावनालाई हुत्याइदिएर आफ्नो स्वार्थानुकुल बनाउन उनीहरूको अजय ताकतलाई नोक्सान पुर्याउँछ । बहुसंख्यक जनताका समस्यालाई महत्व नदिएर क्रान्तिकारी सही बाटोमा तगारो लगाउन विभिन्न किसिमको षडयन्त्र गर्दछ।

जन साहित्य र साहित्यकारको लक्ष र हिड़ने बाटो अलगै हुन्छ । यो साहित्यले साहित्य–साहित्यकैलागि भन्नपट्टी नलागि साहित्य विज्ञान जनसमुदायको लागि भन्दछ । जनजीवनका विभिन्न थरीका समस्यालाई लिएर समाधानको सही बाटो देखाउँछ । समाजको वर्गीय स्वरूपलाई आँखा चिम्लन पट्टि नलागि द्वन्दात्मक भौतिकवादी दृष्टिकोण राख्दछ । साहित्यलाई होस् या सँस्कृतिलाई, राजनीतिक स्वरूपलाई होस् या आर्थिक ढाँचालाई यस साहित्यले वर्गीय समाजमा प्रत्येक कुरामा एक न एक वर्गको छाप परेको देख्द छ । यसकारण जनवादी साहित्यले समाजको वर्तमान रूढ़ीवादी सामन्ती र पूँजीवादी व्यवस्थाको शोषण र अत्याचारबाट श्रमीक जनतालाई मुक्त गराउन नयाँ गोरेटो खन्दछ । सड़े गलेको समाजबाट वर्गविहिन र शोषणरहित नयाँ वैज्ञानिक विकसित समाज तिर डोर्याउँछ ।

तर जनवादी साहित्यको विकासगर्न कलम चलाउनु बड़ो अपठ्यारो छ किन की यो साहित्यले समाजको विद्यमान सबै व्यवस्थाको प्रतिकूल रहेर अपठ्यारो परेको बाटो बाट पार पुर्याउनु पर्दछ । यो अपठ्यारो पारगर्न बाटो तँयारगर्नु भनेको चान-चुने काम हैन । जसमा विभिन्न अपठ्यारा परिस्थिति भित्र बल्ल–तल्ल पाइला सार्नु पर्छ । लोटीने, काँढ़ा बिझनेदेखि लिएर कयन अपठ्यारा असुविधाहरू यहाँ धेरै हुन्छन् । यो सबैको परिणाम स्वरूप होला हामी जनसाहित्यकार र जनसाहित्यको मात्रा निकै थोरैनै भेटाएकाछौं । तैपनि जनसाहित्यकारका कलमले सामन्ती र पूँजीवादी लेखकहरूको दिवाला गर्दै खप्पर लगाएको अनुहारलाई छर्लङ्ग देखाईदिन थालेको छ । केही समयभित्रै जनसाहित्यले सामन्ती–पूँजीवादी साहित्यलाई पराजित गरी जनसाहित्यको बड़ो दरिलो जग बसाल्ने आशा र विश्वास बढ़्न थालेको छ । यस साहित्यले क्रान्तिकारी भूमिका तैयार गर्दैजाँदा जनसाहित्यकारको कलम लाखौं बन्दूकको रूपमा दड़िएर सामन्ती वा पूँजीवादी व्यवस्थाको तारो गरी ध्वङ्स गर्न एक सजीव र साँचो रूप बन्ने छ । आज का साहित्यकारले समाजलाई चिन्ने र बुझ्ने सही दृष्टिकोण बनाएर बहुसंख्यक श्रमिक जनताको सेवा गर्न इमानदार र अपठ्यारो पारगर्नुमा निर्भिक रहनु पर्दछ । समाज र देशमा नयाँ क्रान्तिकारी प्रगतिशील परिवर्तन ल्याउने कार्यदिशामा अडीग रही ठूलो भूमिका निभाउनु पर्दछ । अवैज्ञानिक, अप्रगतिशील घातक अन्ध-

साहित्यको नास गर्न वरो आड़ र विचार लिएर संघर्षशील दरीलो कार्यमा संलग्न हुनु पर्दछ र यस कुरालाई सहीरूपले बुझ्नु पर्दछ कि क्रान्तिकारी विचारधाराको अभावमा क्रान्तिकारी साहित्य र क्रान्तिकारीवर्ग बिना क्रान्तिकारी संघर्ष हुन सक्दैन ।

---

# ए नारी जाति !

सरस्वती पाण्डे,
बुटवल, (नेपाल)

कसले देख्छ तिम्रो हाम्रो मुटु भित्रको बेदना,
कसले सोंच्छ तिम्रो हाम्रो केको हो त्यो रोदन ?
सहश्र आँसूका धारा बगाएर पीर पखाल्दछौं,
उकुस - मुकुस गर्दै घर भित्रनै समय फाल्दछौं ।
खंत हामी माथि कसले दमन गर्न छाड़ी दियो ?
हाम्रो अन्धकारमा कसले चेतनाको दियो बाल्यो ?
केही बन्धुहरूले हाम्रो भविष्यलाई हेरी दिना
जीवनको वास्ता नगरी शिकारीको शिकार हुँदा ।
अझै पनि आँखा चिम्ली देखेर नदेखे झैं गरी,
कति बस्ने नारी जाति जिउँदो लास सरी
शृंगार पुरुषको बन्दै झकमक्क सजिएर
खेलौना भई बस्ने हो त अझै पनि खाँदिएर ?
आँखा खोली ध्यान लगाई विश्वमा हेर त,
दियालोको रातो राँको सल्के तिर लौ हेर त !
आह्वान युगले हेर कतातिर गरेको छ ?
परिवर्तनको क्रान्तिले जरो कतातिर गाड़ेको छ ?
जब सम्म टुट्ने छैनन् घरीका हतकड़ीहरू,
जोतीने गोरुका सरी लागेका ती डोरीहरू
गौरव पुरुषको रातो सिउँदो सिंदूरको
केवल चैनको चिन्ह छुट्ने छैन गहनाको ।
एउटा रथको पांग्रो कच्चो हुँदा के बढ्छ त ?
अर्धाङ्गिनी ती नारीहरू जागृत नहुँदामा
अस्तित्व राखेर जीवनको मर्नु छ नै भने देखि
कम्मर कसौं लौ आजै समानताको लक्षतिर ।

( बरङ छात्रसङ्घको वार्षिक अधिवेशन १९७१ मा आयोजित साहित्य गोष्ठीमा प्रथम पुरस्कृत रचना)



# भविष्य निर्माण

• गुमान सिंह पाण्डे,
शिलाङ, मेघालय ।

आज हामी गरीबहरूको जीवन कसरी बितिरहेछ । त्यो भनीरहन र बोहर्‌याइरहनु पर्दैन किनकि त्यो हाम्रो अगाड़िको व्यवहार मै प्रत्यक्ष छ । देशमा टेक्ने ठाउँ नपाएर हामी बिदेश लाग्दछौं अब हाम्रो निम्ति विदेशमा पनि ठाउँ हराई सक्यो । हाम्रो निम्ति झरी–बादल, जाड़ो–गर्मी केही फरक छैन । एक मुठी प्राण रहुन्ज्याल हामीले मुन्टो बङ्गाउने भारी र बल्ल-बल्ल उचाल्नसक्ने घन र कोदालो उचालेका छौं । देशको खाद्यान्न, लुगालत्ता, धातु पदार्थ सबै हाम्रो हात खियाएर उब्जन्छ, बन्दछ । हामी भने भोकाको भोकै र नाङ्गाको नाङ्गै रहनु पर्छ । हामीले आफ्नो हाड़ र मासु गलाएका छौं तर हाम्रो रगत - पसीना धूर्तहरूले चुसेका छन् । बाच्नेहरूलाई बाच्ने हक के छ ? जब बस्ने र खाने हक छैन । हामीले उब्जाएर हामी माथि नाफाखोरहरूले केवल नाफामात्र होइन हाम्रो जीवन पनि खाइसके । बरती उनीहरूका बाबुको पेवा भयो । यी बदमासहरूले पसीना वगाएर पनि बाच्न प्रलय बनाइ सके ।

किन हामीहरूमाथि यो अत्याचार ? किन हामीलाई मानिसको आधारमा बाच्न दिदैनन् ? किन गरीबलाई रोइ–रोई मर्नु पर्दछ ? [सबको जीम्मेवारी हामी आफै छौं । यो हुनुको पछि हामीहरूकै अनगिन्ति कमजोरीहरू छन् ! अझै पनि हामीले आफ्नो संगठनात्मक बल बढ़ाएर मुठी भर शोषकहरूको हड्डी भाँची आफ्नो सही बाटो पकड़न नसकेर हो । हाम्रो पीर र बिलौना एकले अर्को सँग पोख्न नसकेर हो । एकलाई आइपर्दा अर्कोले राम हेर्न पट्टि लागेर हो । आफ्ना सहयोगी र बैरीलाई छुट्याउन नसकेर हो ।

कुनै पनि जाति, समाज र देशको विकास गरीबहरूकै परीश्रमले हुन्छ । गरीबहरूको त्याग तपस्या र पवित्र हृदयमा नै समाज र देशको अस्तित्व छ । गरीबहरूको श्रम र पसीनामा विश्व बचेको छ । तर तिनै गरीबहरू मर्न न बाच्न छन् । यसकारण प्यारा दाजुभाई तथा दिदी बैनीहरू हो ! हामी सर्वस्व गुमाई सकेका गरीबहरू आफ्नो हित र स्वार्थलाई राम्रोगरी बुझेर आफ्नो देश, आफ्नो अधिकार, आफ्नो कर्त्तव्यको खोज गरौं । क्रान्तिकारी बाटो अँगालौं शत्रुमाथि बेस्सरी प्रहार गरौं । तबमात्र हामीले भोलिको उज्वल भविष्य निर्माण गर्नेछौं ।

---

# नारी समाज

● ईश्वरी प्रसाद खनाल,
शिलाङ

नारी समाज भन्दा हामीहरूले यो जान्दछौं कि नारीहरू र समाज अथवा नारीहरूको समाज । हुन त यस बिषयमा धेरै धेरै लेखकहरूले कलम चलाई सके आफ्ना आफ्ना विचारधाराहरू पनि राखिसके । कसैले नारीहरूलाई भान्साकोठा को मात्र अधिकार दिए । कसैले "नारीहरूले पढ़े बोक्सी हुन्छन्" भने त कसैले "सन्तान बनाउने मेशिन र बिलासका सामाग्री" अर्को थरीले भने– "नारी र पुरुष गा[illegible] दुई पाँग्रा जस्तै हुन् र दुवैको चेतना बिना समाजमा कुनै पनि कार्यको परिवर्तन र विकास हुन सक्दै[illegible]" यसप्रकारका विभिन्न मानिसहरूका अलग–अलग परिभाषा देख्दा विकासोन्मुख देशका नारीहरूलाई "सही बाटो कुन हो र खराब कुन हो" भन्ने कुरालाई ठम्याउन नसकी अलमल्लमा परेको पाइन्छ, यद्यपि आजसम्म नारी जातिले गरेको सङ्घर्ष र अनुसन्धानले यस विषयमा खुलस्त बनाइसकेको छ ।

विज्ञानको क्षेत्रमा "मेडम क्युरीले ठूलो अनुसन्धान गरेर "रेडियमको" आविष्कार गरिन । जसको आविस्कारले विज्ञानको क्षेत्रमा ठूलो हलचल ल्याइदियो । यसप्रकारको कार्य गरेर उनले नारी समाजलाई अगाड़ि बढ़ने मूलबाटो बनाई दिइन् । अब जाउँ सामाजिक क्षेत्रमा, "फ्लोरेन्स नाइटिङ्गेल"–को नाम नसुन्ने पढ़े लेखेका नारीहरूमा बिरलै होलान् । उनले क्रिमियाँमा भएको लड़ाईमा आफ्नो देशको रक्षार्थं घाइते भएका सिपाहीहरूको अपार सेवा गरेर देखाएको कुरालाई आजका प्रत्येक नारीहरूले मनन् गर्नु पर्दछ । अर्को तिर राजनीतिक कार्यमा हेरौं, तिब्बतका एकजना गरीबकी छोरी जसले आफ्नो बाल्यकालदेखिनै अर्काको घरमा काम गरेर ज्यान पाल्नु परेको थियो । उनले त्यहाँका सामन्ती व्यवस्थाले जनतामाथि गरेको घृणित कार्यलाई देखेर त्यस प्रकारको व्यवस्था द्वारा देशका गरीब जनताहरूको अवस्था दिन प्रतिदिन बिग्रदैजाने विचार गरीन् । सामन्ती व्यवस्था खतम् गरी देशमा समाजवाद कायम् गर्न शुरू भएको क्रान्तिमा साथदिएर गरेको सङ्घर्षले नारीहरूको बाटोलाई खुलस्त बनाएको छ । चीनका जनताहरूले सामन्ती सरकारको सत्ता उल्टाई देशमा नयाँ जनवाद कायम गर्न सङ्घर्ष चलाएका थिए । त्यस समयमा एकजना गरीब किसानको छोरी 'ल्युहु–लान' ले [illegible]नै उमेर देखि ठूला ठूला कार्य गरेर जनताहरूलाई सङ्घर्ष अघि बढ़ाउन ठूलो सघाउ [illegible]र्याईन् । तिनको महान कार्यलाई देखेर त्यहाँका सामन्ती सरकारको मुटुमा ढ्याँग्रो



बज्यो । अरू उपाय नपाई उनलाई मारी दियो । त्यस सम[illegible]
१५ वर्षको थियो । त्यती सानो उमेरमा पनि उनले गरेका कार्य[illegible]
केटीदेखि लिएर बूढ़ा बूढ़ी सम्मलाई जुरमुर्याई दिन्छ । [illegible]
नारीहरूले गरेर आएका महान कार्यहरू प्रसस्त मात्रामा पा[illegible]

यसप्रकार नारीहरूले गर्दै आएको सङ्घर्षले यो स्पष्[illegible]
पनि कार्यमा सङ्घर्ष गर्न नडराएर अगाड़ि बढ़ेको खण्डमा[illegible]
आफ्नो मेहनत अनुसार सफलता पाउन सक्छन् । त्यसमा कुनै[illegible]
देखापरेका नारी सङ्घर्षले आफूमाथि थोपरिएको अभियोगला[illegible]
पढ़े बोक्सी हुने र विलासका सामग्री) हटाइसकेको छ[illegible]
नारीहरूले यस कुरालाई राम्रो सँग बुझी आफूमाथि [illegible]
आफ्नो अधिकार र कर्त्तव्यको पालन गर्नु पर्छ । आ[illegible]
नाइटिङ्गेल, पासाङ र ल्युहुलान जस्ता बन्नको लागि [illegible]
पनि सही मार्ग चिनाउन थाल्नु पर्दछ । जसले गर[illegible]
शोषण कार्य हराउने छ । नारी र पुरुषका बिचमा[illegible]
दुवैको समान प्रयासमा समाजमा रहेका सबै अभाव[illegible]

चेतनशील समाजको शृजना गर्न पुरुषको [illegible]
सम्म नारीहरूले यस कुरालाई बुझी पुरुषका दासी [illegible]
अन्धकारमा जीवन बिताउँछन्, तबसम्म त्यस समाजमा कु[illegible]
राख्नु असम्भव सिवाय अरू केही हुन सक्दैन । एउटा घरको कु[illegible]
सुयोग्य नारी छ त्यस घरको सबै कार्य सप्रेर गएको हुन्छ । योग्य
सन्तान पनि योग्यनै हुन्छन् योग्य सन्तान द्वारा भविष्य को समाज पनि प्रगतिशाल हुने कुराको अनुमान गर्न सकिन्छ । यसरी प्रत्येक घरहरू सुधार हुँदै गए भने समाज राम्रो हुन्छ सबै समाजको उन्नति हुँनु नै देशको विकास हुनु हो ।

आज प्रत्येक उन्नतिशील देशहरूमा नारीहरूले ठूला–ठूला भूमिका तयार गर्दै आएका छन् । रसिया, केरिया, चीन, भियतनाम जस्ता ठाउँहरूमा भएका जन मु[illegible]
आन्दोलनमा नारी पुरुष दुवैले समान भाग लिएर अघि बढ़ीसकेको पाइन्छ । यी [illegible]
कुरालाई ध्यानमा राखी विकासोन्मुख देशका नारीहरूले आफ्ना कदमलाई दरि[illegible]
बनाएर चाल्नु पर्छ । तब मात्र संकुचित घेरा भित्र जकड़िएको नारी जीवन मौलाउने छ । रुढ़ीवादको साँगुरो घेरालाई चटक्कै छाड़ेर समानता र स्वाधिनताको मार्गलाई अपनाउन सक्नेछ ।

●●